अध्याय ६

# संवैधानिक र कानूनी अधिकारका लागि दलित नागरिक समाजको भूमिका

**जेबी विश्वकर्मा**

## पृष्ठभूमि

नेपालको अर्थ-राजनीतिको मूल स्रोत वर्ण व्यवस्था नै हो । नेपालमा सत्ता, शक्ति र सम्पत्तिमाथि कुन जात, जाति वा समुदायको विशेषाधिकार रहने भन्ने कुरा वर्ण व्यवस्था अनुसार कानूनै बनाएर लागू गरी संस्थागत गरिएको इतिहास छ । शासकहरूले जातीय विभेदलाई संस्थागत गर्ने ऐन र कानून लागू गरेका कारण दलित समुदाय राजनीतिक सत्ताबाट नियोजित रूपमा बहिष्करणमा परेका छन् ।

नेपालमा दलित समुदायले जातीय विभेद र छुवाछूत विरुद्ध संगठित रूपमा वि.सं. २००३ मा आन्दोलन शुरू गरे । यस आन्दोलनको अनेक उतारचढावबीच वि.सं. २०४६ मा प्रजातन्त्र पुनर्स्थापना पछिको खुला राजनीतिक वातावरणमा दलित अधिकारका लागि गैरसरकारी संस्था खुल्ने र सञ्चालनमा आउने क्रमले तीव्रता पायो । यसरी स्थापित नागरिक दलित संगठन र गैरसरकारी संस्थाले दलित माथिको विभेद र बहिष्करण विरुद्ध अभियान सञ्चालन गर्दै आएका छन् । ती संघ-संगठनले राज्यसामु संवैधानिक र कानूनी रूपमा छुवाछूत-भेदभावको अन्त्य, राज्यका सबै तहमा आरक्षण, प्राकृतिक स्रोत साधनमाथि पहुँच, शोषणमूलक आर्थिक सम्बन्धको अन्त्य, शिक्षा, स्वास्थ्य, रोजगारको सुनिश्चितता जस्ता मुद्दा उठाए । साथै उपलब्ध कानूनको प्रभावकारी कार्यान्वयन तथा आवश्यक नयाँ संवैधानिक र कानूनी अधिकारका लागि संघर्ष गर्दै आएका छन् । नेपालको दलित आन्दोलनले सात दशकको यात्रा पार गरिसके पनि राजनीतिक दलित संगठन र दलित

नागरिक समाज[१] ले उठाएका विषयवस्तु र भूमिकाबारे थोरै मात्र अध्ययन भई पुस्तक तथा प्रतिवेदन प्रकाशित भएका छन् ।[२] तर, ती प्रकाशनमा पनि संवैधानिक र कानूनी अधिकार स्थापित गराउने सन्दर्भमा दलित नागरिक समाजले कस्तो भूमिका खेलेका थिए भन्ने स्पष्ट विवेचना पाइँदैन ।

नेपालमा अहिलेसम्म विभिन्न समयमा गरी सात ओटा संविधान जारी भए ।[३] तथापि, २०४७ सालको संविधानबाट मात्रै संवैधानिक रूपमा जातीय विभेद तथा छुवाछूत-भेदभाव अन्त्य शुरू भयो । दलितले गरेको निरन्तर संघर्षकै परिणाम उक्त संविधानले जातीय छुवाछूत-भेदभावलाई दण्डनीय बनायो ।[४] त्यसै गरी २०६२–२०६३ सालको जनआन्दोलनपछि जारी भएको अन्तरिम संविधानले पहिलोपल्ट "जातीय भेदभाव तथा छुवाछूत विरुद्धको हक" मौलिक हकमा समावेश गऱ्यो भने संसद्बाट *जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन,* २०६८ पारित भयो । २०७२ सालमा जारी नेपालको संविधानले "छुवाछूत तथा भेदभाव विरुद्धको हक" र "दलितको हक" को व्यवस्था गरेको छ । यो लेख ती संवैधानिक र कानूनी अधिकार स्थापित गराउनमा दलित नागरिक समाजको भूमिका र योगदानमा केन्द्रित रहेको छ । संवैधानिक र कानूनी अधिकार प्राप्तिका लागि दलित नागरिक समाजले के-कस्तो भूमिका निर्वाह गरेको थियो र नागरिक समाजले कस्ता-कस्ता गतिविधि सञ्चालन गरेका थिए भन्ने विषयको समीक्षा यस लेखमा गरिएको छ । नेपालमा

[१] यो लेखमा दलित अधिकार स्थापित गर्ने सामूहिक लक्ष्य सहित स्थापित र राजनीतिक दलको भ्रातृ संगठनको रूपमा प्रत्यक्ष क्रियाशील नरहेका, तर राजनीतिक चरित्रको दलित संगठनसँगै गैरसरकारी, गैरनाफामूलक संघ-संस्था र दलित समुदाय भित्रका विभिन्न जात विशेषले सञ्चालन गरेका संस्थालाई दलित नागरिक समाजको रूपमा परिभाषित गरिएको छ ।

[२] हेर्नुहोस्, किसान (२०५८, २०७३), आहुति (२०६७), बस्नेत र दर्नाल (२०६३), भट्टचन, सुनार र भट्टचन (२०६५), दलित महिला संघ (२०६२), आदि ।

[३] नेपालमा अहिलेसम्म जारी भएका संविधान निम्नानुसार रहेका छन् : *नेपाल सरकार वैधानिक कानून, २००४; नेपालको अन्तरिम शासन विधान, २००७; नेपाल अधिराज्यको संविधान, २०१५; नेपालको संविधान, २०१९; नेपाल अधिराज्यको संविधान, २०४७; नेपालको अन्तरिम संविधान, २०६३* र *नेपालको संविधान* (२०७२) । यीमध्ये *नेपालको संविधान* (२०७२) संविधानसभाले बनाएको हो ।

[४] *नेपाल अधिराज्यको संविधान*, २०४७ को धारा ११ मा समानताको हकको व्यवस्था गरिएको छ । सोही धाराको उपधारा (४) मा उल्लेख छ, "कुनै पनि व्यक्तिलाई जातिपातिका आधारमा छुवाछूतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नबाट वञ्चित गरिने छैन । त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुनेछ" (श्री ५ को सरकार २०४७ : ४) ।

दलित समुदायले लामो समयदेखि अधिकारको निम्ति संघर्ष गर्दै आए तापनि यो लेख भने २०४७ सालदेखि २०७२ सालसम्म दलित नागरिक समाजले खेलेको भूमिकामा मात्रै केन्द्रित छ । नेपालमा दलित अधिकारका सवालमा विशिष्टीकृत क्षेत्रमा काम गर्ने गरी थुप्रै संघ-संस्था क्रियाशील छन् । तर यस लेखमा २०४७ देखि २०७२ साल बीचमा कम्तीमा दश वर्षभन्दा बढी समयसम्म दलित अधिकारका लागि निरन्तर रूपमा क्रियाशील केही संगठन र संघ-संस्थालाई मात्रै समावेश गरिएको छ ।

वि.सं. २०४६ पछि स्थापित खुला प्रजातान्त्रिक राजनीतिक व्यवस्थामा दलित नागरिक समाजको तीव्र विकास हुने क्रम शुरू भएको इतिहास छ । यसै क्रममा २०४९ सालमा राजनीतिक चरित्रको नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजको स्थापनासँगै दलित नागरिक समाजले नयाँ फड्को माऱ्यो ।[५] विभिन्न राजनीतिक दलसँग नजिक रहेका, तर कुनै निश्चित राजनीतिक दलको दलित भ्रातृसंगठनका रूपमा क्रियाशील नरहेका दलित नेतृत्वको साझा संगठनको रूपमा मुक्ति समाजको गठन भएको थियो । यो संगठनले मूलतः दलित समुदायलाई संगठित गर्न, अधिकारबारे जागरुक बनाउन वा प्रशिक्षित गर्न र दलित मुद्दामा राज्यलाई जबाफदेही बनाउन भूमिका खेलेको थियो । संवैधानिक र कानूनी अधिकारलाई आन्दोलनको मुद्दाको रूपमा उठाएका कारण यस संगठनका गतिविधिलाई यस अध्ययनमा समेटिएको छ ।

वि.सं. २०३९ देखि भूमि अधिकार, हलिया अधिकारका साथै समग्र दलित अधिकारका लागि निरन्तर क्रियाशील रहेको नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका क्रियाकलाप यस अध्ययनमा समेटिएका छन् । त्यसै गरी, २०४७ सालपछि दलित गैरसरकारी संस्थाको रूपमा दलित अधिकारका क्षेत्रमा विभिन्न क्रियाकलाप गर्दै आइरहेको पुरानो संगठन दलित सेवा संघको योगदानलाई पनि यस अध्ययनमा समेटिएको छ भने दलित समुदाय भित्रका महिलाहरूलाई संगठित र सशक्त गर्ने काममा क्रियाशील दलित महिला संघको भूमिकाबारे पनि यहाँ चर्चा गरिएको छ । यसै गरी, दलित गैरसरकारी संस्थाको छाता संगठनको रूपमा रहेको दलित गैरसरकारी संस्था महासंघ तथा मिडिया मार्फत जनमत निर्माण गर्ने र राज्यलाई जबाफदेही बनाउने उद्देश्य सहित खुलेको जागरण मिडिया सेन्टर; सुदूरपश्चिमबाट शुरू भई राष्ट्रिय स्तरमै दलित अधिकारका लागि क्रियाशील राष्ट्रिय दलित नेटवर्कको भूमिकाबारे पनि यहाँ चर्चा गरिएको छ । दलित नागरिक समाज सम्बन्धी प्रकाशनको अध्ययन र

[५] नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजमा केही स्वतन्त्रसँगै नेकपा (एकता केन्द्र) र नेकपा (एमाले) सँग आबद्ध व्यक्तिहरू संलग्न थिए । दलित समुदायको एउटै संगठन बनाउने उद्देश्य स्वरूप स्थापित सो संगठनमा नेपाली काँग्रेस र अन्य दलसँग आबद्ध स्थानीय कार्यकर्ता पनि रहेका थिए (आहुति २०६७) ।

विश्लेषण, छनोट गरिएका संघ-संस्थाका प्रतिनिधि सँगको कुराकानीका आधारमा यो लेख तयार पारिएको हो ।

यो लेखलाई मुख्य रूपमा तीन खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा नेपालमा दलित नागरिक समाजको ऐतिहासिक विकासक्रमबारे चर्चा छ । दोस्रो खण्डमा दलित समुदायले प्राप्त गरेका संवैधानिक र कानूनी अधिकार तथा ती अधिकार प्राप्तिका लागि दलित नागरिक समाजको योगदानबारे समीक्षा गरिएको छ । तेस्रो खण्डमा दलित नागरिक समाजको सीमा र सार्वजनिक वृत्तमा हुने आलोचनाबारे चर्चा छ भने अन्तमा निष्कर्ष दिइएको छ ।

## नेपालमा दलित नागरिक समाजको विकास

नेपालमा जातीय विभेद र छुवाछूत-भेदभाव विरुद्ध बुद्धकाल (इ.पू. ५००) देखि नै आवाज उठेको पाइन्छ । गौतम बुद्धले बाटो बढार्ने काम गर्ने कथित तल्लो जातको भनिने सुमित नाम गरेका व्यक्तिलाई भेटेरै भिक्षु संघमा विभेद नहुने भन्दै भिक्षु बन्न आग्रह गरेका थिए । त्यसै गरी उनले प्रकृति नाउँकी चाण्डाल (शुद्र) युवतीलाई भिक्षुणी बनाएका थिए (महर्जन २०७६) । जोसमनी सन्त शशीधर (वि.सं. १८०४–१९०६), सन्त ज्ञानदिल दास (वि.सं. १८७८–१९४०) का साथै योगमाया न्यौपाने आदिले जोसमनी मतको प्रचार गर्दै वर्ण व्यवस्था र छुवाछूतको विरोध गरेको पाइन्छ (आहुति २०६७) । दलित समुदायकै पहलमा २००३ सालमा बाग्लुङका भगत सर्वजित विश्वकर्माले विश्व सर्वजन संघ स्थापना गरेर दलित मुक्तिका लागि संगठित अभियानको शुरूआत गरे, जुन नेपालको दलित समुदायको पहिलो संगठित अभियान थियो । त्यसै गरी २००४ सालतिर काठमाडौँमा सहर्षनाथ कपालीले टेलर युनियन, धरानमा जदुवीर विश्वकर्माले नेपाल समाज सुधार संघजस्ता संगठन खोलेर जातीय विभेद विरुद्ध संघर्ष गरेका थिए ।

तनहुँको बन्दीपुरमा चन्द्रलाल विश्वकर्माले वि.सं. २००७ मा बनाएको नेपाल हरिजन संघ, सोही वर्ष जदुवीर विश्वकर्माकै नेतृत्वमा गठित निम्न समाज सुधार संघ आदि संगठन मार्फत जातीय भेदभाव विरुद्ध अभियान सञ्चालन भएका थिए (किसान २०५८) । प्रजातन्त्रको स्थापनापछि २००८ सालमा तीनै संगठन एकीकृत भएर सहर्षनाथ कपालीको नेतृत्वमा जातजोड मण्डल गठन भयो, जुन नेपालको राष्ट्रिय स्तरको पहिलो दलित संगठन थियो (किसान २०५८; आहुति २०६७) । वि.सं. २०१२ मा मिठाइदेवी विश्वकर्माको नेतृत्वमा दलित महिलाको पहिलो संगठन परिगणित नारी संघ स्थापना भएको थियो ।

वि.सं. २०१७ मा पञ्चायतको शुरूआतसँगै दलित संगठनका गतिविधि पनि प्रभावित भए । राजा महेन्द्रले दलितहरू पञ्चायत व्यवस्था विरुद्ध नलागून् भन्ने मनसायले २०२० सालमा मुलुकी ऐन संशोधन गरी छुवाछूत-भेदभाव गर्न नपाइने व्यवस्था गरे, तर

"सनातनदेखि चलिआएको परम्परालाई भेदभाव नमानिने" व्यवस्था राखेर छुवाछूतलाई निरन्तरता नै दिए (आहुति सन् २००४) । पञ्चायती व्यवस्थाले प्रलोभनमा पार्न खोजे पनि दलितले संगठित हुने र मुद्दा उठाउन छाडेनन् । २०२४ सालमा सहर्षनाथ कपालीको नेतृत्वमा नेपाल राष्ट्रिय जनविकास परिषद् गठन भयो (मुक्ति समाज २०५२) । यसरी राजनीतिक एजेण्डा सहित अगाडि बढेको संगठनलाई पञ्चायती व्यवस्थाले विभिन्न पद र प्रलोभनमा पारेर फुटाउने काम गऱ्यो ।[६] टुटफुटबीच २०३६ सालमा टीआर विश्वकर्माले नेपाल राष्ट्रिय दलित जनविकास परिषद्को नेतृत्व लिए भने २०३९ सालमा नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ स्थापना भयो । यो दलित अधिकारका क्षेत्रमा क्रियाशील पहिलो गैरसरकारी संस्था हो, जुन अहिलेसम्म पनि सक्रिय छ ।[७]

वि.सं. २०४० मा चितवनमा सम्पन्न जनविकास परिषद्को भेलाले टीआर विश्वकर्मालाई नेतृत्व प्रदान गऱ्यो र पुनः क्रियाशील बनायो । यसै क्रममा २०४५ सालमा गोल्छे सार्कीको नेतृत्वमा राजनीतिक चरित्रको उत्पीडित जातीय उत्थान मञ्च गठन भयो र २०४६ सालको जनआन्दोलनमा सक्रिय भूमिका खेल्यो । ती संगठन राज्य व्यवस्थाको रूपान्तरणको आन्दोलनमा सहभागी भए भने दलित मुद्दालाई राजनीतिक रूपमा उठाउन पनि सक्रिय रहे । २०४७ सालको संविधान निर्माणको क्रममा टीआर विश्वकर्माको नेतृत्वमा केही दलित संस्थाले संविधान मस्यौदा समितिलाई दलितका लागि ५ प्रतिशत आरक्षणको व्यवस्था गर्न सुझाव दिए । यसरी २०४६ सालअघि पञ्चायत कालमा राजनीतिक चरित्रको संगठनले दलित आन्दोलनलाई हाँके । ती संगठनले दलित समुदायमाथि हुने छुवाछूत-भेदभावको अन्त्य र प्रजातान्त्रिक राजनीतिक व्यवस्था, राज्यसत्तामा दलितका लागि आरक्षणको सुनिश्चितता जस्ता एजेण्डालाई प्राथमिकता सहित उठाए ।[८]

वि.सं. २०४६ सालको आन्दोलनका कारण पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय प्रजातन्त्रको स्थापना भएपछि केही खुला राजनीतिक वातावरणमा राजनीतिक चरित्रका दलित संगठन जातीय विभेद र छुवाछूत-भेदभाव विरुद्ध निरन्तर संघर्षमा लागे भने अर्कोतिर दलित समुदायका गैरसरकारी संस्था र दलित भित्रका जात विशेषका संगठनहरू पनि

[६] पञ्चायती व्यवस्थामा धनमानसिंह परियारलाई २०१९ सालमा, हरकुमार सिंहलाई २०२४ सालमा, हिरालाल विश्वकर्मालाई २०२८, २०३१ र २०३८ सालमा, टीआर विश्वकर्मालाई २०३६ सालमा र टेकबहादुर विश्वकर्मालाई २०४३ सालमा राजाले राष्ट्रिय पञ्चायत सदस्यका रूपमा नियुक्त गरेका थिए (दर्नाल २०७२) ।

[७] नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ (एनएनडीएसडब्लूओ) का पूर्वअध्यक्ष तथा दलित गैरसरकारी संस्था महासंघका कार्यबाहक अध्यक्ष भक्त विश्वकर्मासँग असोज १५, २०७६ मा गरिएको कुराकानी ।

[८] दलित नेता रणेन्द्र बरालीसँग असोज ११, २०७६ मा गरिएको कुराकानी ।

खुल्न थाले । ती दलित संघ-संस्थाले २०४७ सालदेखि मूलभूत रूपमा छुवाछूत र विभेद विरुद्ध विभिन्न खाले संघर्ष गर्दै संविधान र कानून निर्माणका सम्बन्धमा विभिन्न एजेण्डा उठाए । विशेष गरी छुवाछूत-भेदभावको अन्त्यका लागि कानून निर्माण गरिनुपर्ने, राज्यमा दलितको प्रतिनिधित्वका लागि संवैधानिक आरक्षणको व्यवस्था गरिनुपर्ने, संविधानसभाको निर्वाचन र नयाँ संविधानमा दलित समुदायका आर्थिक, राजनीतिक, सामाजिक-सांस्कृतिक सवाललाई सम्बोधन गरिनुपर्ने जस्ता मुद्दा दलित नागरिक समाजले उठायो ।[९]

नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजमा विभिन्न राजनीतिक दलसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बद्ध दलित नेताहरूको प्रयत्नमा खुलेको साझा दलित संगठन थियो । यसले मूलतः दलित समुदायलाई संगठित गर्ने, अधिकारबारे जागरुक बनाउने वा प्रशिक्षित गर्ने कामसँगै दलित मुद्दामा राज्यलाई जबाफदेही बनाउन संघर्ष गऱ्यो । वि.सं. २०५१ मा बुटवलमा सम्पन्न राष्ट्रिय सम्मेलनले संगठनलाई "कुनै पनि राजनीतिक पार्टी वा शक्तिसँग तटस्थ रही आफ्नो घोषित उद्देश्य प्राप्तिका लागि स्वतन्त्र रूपले एकीकृत दलित आन्दोलन हाँक्ने यो एउटा विशुद्ध सामुदायिक संस्था" को रूपमा परिभाषित गऱ्यो (समानता २०५७ : १५) । यसकै फलस्वरूप राष्ट्रव्यापी बन्न सफल भएको मुक्ति समाजको २०५५ सालमा सम्पन्न दोस्रो राष्ट्रिय सम्मेलनले प्रस्ट रूपमा "दलितहरूमाथि राज्यले लामो समयदेखि लादेको जातीय विभेद तथा छुवाछूतको दुर्व्यवहारको क्षतिपूर्ति स्वरूप सम्पूर्ण क्षेत्रमा आवधिक रूपमा संवैधानिक आरक्षणको माग" गऱ्यो (समानता २०५७ : १५) । राजनीतिक संगठनकै स्वरूपमा सञ्चालित मुक्ति समाजले मूलतः दलित समुदायका सामाजिक, राजनीतिक, आर्थिक, शैक्षिक, सांस्कृतिक अधिकारका लागि संघर्ष गरेको थियो । तर, विभिन्न राजनीतिक दलसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न व्यक्तिहरू नेतृत्वमा रहेको र तिनको मोर्चाको स्वरूपमा क्रियाशील रहेको मुक्ति समाज २०५५ सालमा विभाजित भयो । तत्कालीन नेकपा (एमाले) नजिक रहेको नेतृत्वले नेपाल उत्पीडित जातीय मुक्ति समाज गठन गऱ्यो भने तत्कालीन नेकपा (माओवादी) निकटका दलित नेताहरूले नेपाल दलित मुक्ति मोर्चा गठन गरे । त्यही विभाजनपछि सुस्ताएको मुक्ति समाज माघ

[९] नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजले चैत १०, २०५६ मा प्रधानमन्त्रीलाई बुझाएको ज्ञापन-पत्रमा यी मुद्दा उठाइएको थियो । जागरण मिडिया सेन्टरका अध्यक्ष रेम विश्वकर्माका अनुसार २०५७ सालमा संस्था गठन भएपछि संविधानसभा र दलित प्रतिनिधित्वका विषयमा निरन्तर कार्यक्रम सञ्चालन गरिएको थियो । नेपालमा संविधानसभाको बहस शुरू भएदेखि नै नयाँ संविधानमा दलित समुदायका सवालबारे निरन्तर बहस, छलफल, अन्तरक्रिया, वकालत र आन्दोलन समेत गरेको एनएनडीएसडब्लूओका पूर्व अध्यक्ष भक्त विश्वकर्मा, राष्ट्रिय दलित नेटवर्कका अध्यक्ष गणेश विश्वकर्माले अन्तर्वार्ताका क्रममा बताएका थिए ।

२०६३ मा तत्कालीन नेकपा (माओवादी) निकट दलित मुक्ति मोर्चासँग एकीकृत भएपछि यसको स्वतन्त्र दलित नागरिक संगठनको अस्तित्व समाप्त भयो ।

यसैबीच गैरसरकारी क्षेत्रमा २०५१ सालमा दलित सेवा संघ, दलित महिला संघजस्ता संस्था स्थापना भए । वि.सं. २०५२ मा विभिन्न दलित गैरसरकारी संघ-संस्थाको छाता संगठनको रूपमा दलित गैरसरकारी संस्था महासंघ पनि गठन गरियो ।[१०] यी गैरसरकारी संस्थाले मूलतः दलित समुदायलाई आफ्ना अधिकारप्रति सचेत गराउने; उनीहरूलाई सशक्तीकरण गर्ने; राजनीतिक दल, सरकार र अन्य निकायसँग अन्तरक्रिया मार्फत दलित समुदायको संवैधानिक कानूनी अधिकार स्थापित गराउन विभिन्न क्रियाकलाप गरे । राजनीतिक रूपमा २०५८ सालमा तत्कालीन नेकपा (माओवादी) र सरकार बीचको पहिलो वार्तामा संविधानसभाको माग उठ्यो । मंसिर ७, २०६२ मा नेकपा (माओवादी) र सात राजनीतिक दलबीच बाह्रबुँदे सम्झौता र मंसिर ५, २०६३ मा भएको बृहत् शान्ति सम्झौताका माध्यमबाट राजनीतिक दलहरू संविधानसभाबाट नयाँ संविधान निर्माण गर्न सहमत भए । सोही अनुरूप २०६३ सालमा अन्तरिम संविधानको प्रस्तावनामै संविधानसभाबाट नयाँ संविधान निर्माण गर्ने कुरा उल्लेख भयो र यो राष्ट्रिय राजनीतिको केन्द्रीय मुद्दा बन्यो । त्यसपछि दलित नागरिक समाजले पनि संविधानमा दलित सरोकारबारे बहसलाई अगाडि बढायो । सचेतना, जागरण अभियानका साथसाथै राज्यलाई दलितप्रति जबाफदेही बनाउने क्रियाकलाप सञ्चालन गरियो ।[११] दलित अधिकार स्थापित गर्ने उद्देश्य सहित समता फाउण्डेशन, समावेशी फाउण्डेशन, डिग्निटी इनिसिएटिभ जस्ता संघ-संस्था स्थापित भएका छन् । काठमाडौँ बाहिर पनि दलित अधिकारका क्षेत्रमा क्रियाशील हुने गरी विभिन्न संघ-संस्था स्थापित छन् । नेपालमा दलितको संवैधानिक र कानूनी अधिकार स्थापित गर्न ती संघ-संस्थाको पनि महत्त्वपूर्ण भूमिका रहेको छ ।

## दलित संघर्ष : संवैधानिक र कानूनी उपलब्धि

दलित नागरिक समाजले जातीय विभेद र छुवाछूत-भेदभाव विरुद्ध नागरिकलाई सचेत गराउने, दलित मानवअधिकार उल्लंघन र ज्यादतीका घटनामा सशक्त आवाज उठाउने तथा दलितमैत्री कानून र नीति बनाउन तथा कार्यान्वयनमा राज्यलाई दबाब दिने काम गर्दैआएको छ (लम्साल सन् २०१२) । यी संवैधानिक र कानूनी अधिकार मूलतः राजनीतिक मुद्दा

[१०] दलित गैरसरकारी महासंघमा देशभरि छरिएर रहेका ३३४ ओटा संस्था सदस्य छन् भने दलित मुद्दामै काम गर्ने कतिपय संस्था महासंघमा आबद्ध भएका छैनन् । थप जानकारीका लागि हेर्नुहोस्, http://dnfnepal.org/page/about-us; मंसिर १२, २०७६ मा हेरिएको ।

[११] जागरण मिडिया सेन्टरका अध्यक्ष रेम विश्वकर्मासँग भदौ १०, २०७६ मा गरिएको कुराकानी ।

भएका कारण ती अधिकार दलित नागरिक समाजको मात्रै पहलमा स्थापित गर्न सम्भव थिएन । त्यसैले राजनीतिक दलित संगठन र दलित नागरिक समाजको संयुक्त आन्दोलन र अभियानकै कारण केही संवैधानिक र कानूनी अधिकार प्राप्त भए । ती अधिकार प्राप्तिका लागि तुलनात्मक रूपमा दलित राजनीतिक संगठनको भूमिका बढी रहेको देखिन्छ भने यसमा नागरिक समाजले सहयोगी भूमिका खेलेको थियो ।

यहाँ २०४६ देखि २०७२ सालसम्म दलितका संवैधानिक र कानूनी अधिकार प्राप्तिका लागि के-कस्ता संघर्ष भए, दलित नागरिक समाजले कस्तो भूमिका निर्वाह गऱ्यो भन्ने विषयमा समीक्षा गरिएको छ । यस अध्ययनमा मूलतः दलितका प्रत्यक्ष सरोकारसँग सम्बन्धित छुवाछूत-भेदभावको अन्त्य, समावेशीकरण, पेसा-व्यवसायका कारण दलितमाथि भएका अन्याय, त्यससँग सम्बन्धित आन्दोलन र उपलब्धि, भूमि र आवाससँग सम्बन्धित दलितका संवैधानिक र कानूनी अधिकारका सवाललाई मात्रै यहाँ समेटिएको छ ।

## *छुवाछूत-भेदभाव विरुद्धको संघर्ष र कानूनी अधिकार*

दलित समुदायले भोग्दैआएको सबैभन्दा अमानवीय आपराधिक समस्या छुवाछूत-भेदभाव नै हो । दलितमाथि सार्वजनिक स्थान, निजी स्थानका साथै कुनै वस्तु उत्पादन र बिक्री-वितरण गर्नमा प्रतिबन्ध लगाउने तह सम्मको छुवाछूत-भेदभाव हुँदै आएका छन् । दलित समुदायमाथि मन्दिर, धारा, कुवा, पँधेराका साथै सभा-समारोह, भोजभतेर जस्ता सार्वजनिक स्थानमा जातीय विभेद र छुवाछूत-भेदभाव गरिँदैआएको छ । यस किसिमको अमानवीय भेदभावको अन्त्य र कुनै भेदभाव बिनाको आत्मसम्मानपूर्ण जीवनका लागि दलित समुदायको संघर्ष जारी छ । २०४६ सालपछि सार्वजनिक र निजी स्थलमा हुने विभेद विरुद्धको संघर्षबारे यहाँ संक्षिप्तमा चर्चा गरिएको छ ।

हिन्दू धर्ममा आस्था राख्ने अधिकांश दलितमाथि कथित “उच्च जात” का सदस्यले विभेद गर्छन् वा धेरैजसो धार्मिक स्थलमा दलितलाई निषेध गरिन्छ । त्यस्तो विभेद विरुद्ध लगभग एक शताब्दी अघिदेखि नै संघर्ष भएको देखिन्छ (विश्वकर्मा र अरू २०६३) । वि.सं. २०४६ पछि दलित संगठनहरूले संवैधानिक रूपमा जातीय छुवाछूतको अन्त्य, धर्मनिरपेक्षता र दलितका लागि आरक्षणको संवैधानिक व्यवस्था हुनुपर्ने माग सहित संघर्ष गरे । तर, २०४७ सालको संविधानले ती मागको ठोस सम्बोधन गर्न सकेन । संविधानको धारा १९ मा “धर्मसम्बन्धी हक” ले प्रचलित परम्पराको मर्यादा राखी सनातनदेखि चलिआएको धर्म अवलम्बन र अभ्यास गर्ने स्वतन्त्रता दियो, तर दलित माथिको धार्मिक विभेद अन्त्य गरेन ।

यसपछि पनि मन्दिर प्रवेशको आन्दोलन जारी रह्यो । वि.सं. २०४९ मा गठित नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजले दलितलाई संगठित र प्रशिक्षित गर्दै सामाजिक-

सांस्कृतिक अधिकारका लागि आन्दोलित गऱ्यो । पचासको दशकमा मुक्ति समाजको नेतृत्वमा देशव्यापी मन्दिर प्रवेश आन्दोलन भए (महर्जन र किसान २०७०) भने गैरसरकारी संस्था पनि ती आन्दोलनमा सहभागी भए । वि.सं. २०५० मा मुक्ति समाजको नेतृत्वमा "अछूतहरूलाई मन्दिर प्रवेश निषेध" विरुद्ध गोरखाको गोरखकाली मन्दिर प्रवेश गर्ने आन्दोलन भयो । त्यस्तै, २०५८ सालमा धनकुटाको छिन्ताङ जल्पादेवीमा र भदौ २३, २०५८ मा बैतडीको दशरथचन्द नगरपालिकास्थित जगन्नाथ मन्दिर प्रवेशजस्ता थुप्रै संघर्ष भए (विश्वकर्मा र अरू २०६३) । वि.सं. २०५७ देखि २०६० सम्म सुदूरपश्चिममा मात्रै राष्ट्रिय दलित नेटवर्क र अन्य सामाजिक संस्थाको पहलमा ३२ ओटा मन्दिर प्रवेश संघर्ष भए । तीन चरणसम्म निरन्तर भएको मन्दिर प्रवेश संघर्षको नेतृत्व दलित नागरिक समाजका दलित महिला संघ, सम विकास केन्द्र र क्षेत्रीय दलित नेटवर्कले गरेका थिए (किसान २०७०) ।

सनातन धर्म-संस्कृतिको आधारमा हुने छुवाछूत-भेदभाव धार्मिक स्थलमा मात्रै सीमित थिएन । दलितलाई सार्वजनिक धारा, पँधेरा वा पानीको स्रोत, होटल, विद्यालय, होटल तथा सार्वजनिक समारोह (सरस्वती पूजा, सार्वजनिक भोज-भतेर, विवाह) मा छुवाछूत-भेदभाव कायम थियो । सार्वजनिक स्थलमा हुने यस किसिमका विभेद र बहिष्करणको अन्त्यका लागि पनि दलितले आन्दोलन गरे । यसै क्रममा २०४७ सालको संविधानको धारा ११ मा समानताको हक अन्तर्गत उपधारा ४ मा कुनै पनि व्यक्तिलाई जातिपातिका आधारमा छुवाछूतको भेदभाव गर्ने तथा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नबाट वञ्चित गरिए कानून बमोजिम दण्डनीय हुने व्यवस्था गऱ्यो । २०४८ सालमा मुलुकी ऐन संशोधन गरी जातिपातिको आधारमा छुवाछूतको भेदभावपूर्ण व्यवहार गरेमा वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराको प्रयोग गर्नबाट वञ्चित गरेमा एक वर्षसम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्ने व्यवस्था पनि गरियो । तर, स्पष्टीकरण खण्डमा सनातनदेखि चलिआएको परम्परालाई विभेद नमानिने प्रावधान राखी विभेदकारी परम्परालाई निरन्तरता दिइयो । त्यो प्रावधान खारेजीको माग गर्दै तत्कालीन सांसद मानबहादुर विश्वकर्माले दिएको रिट निवेदनका आधारमा सर्वोच्च अदालतले त्यो व्यवस्था खारेज गऱ्यो । कुनै पनि स्थानमा छुवाछूत-भेदभाव गर्न नपाइने व्यवस्था गर्न संविधानले नसकेकोले दलित राजनीतिक संगठन र नागरिक समाजले जातीय विभेद र छुवाछूतको संवैधानिक पूर्ण रूपमै अन्त्य गर्न विभिन्न क्रियाकलाप जारी राखे ।

दलितले सार्वजनिक स्थलमा मात्रै होइन, दैनिक जीवनका हरेक क्षणमा छुवाछूत-भेदभाव भोग्दै आइरहेका छन् । दलितलाई जातीयताकै कारण गैरदलितको घरभित्र प्रवेश निषेध गरिन्छ, खाना-पानी छुन पनि बन्देज गरिन्छ र गैरदलितसँग बसेर खान समेत प्रतिबन्धित

गरिन्छ । साथै अन्तर्जातीय विवाह गर्ने जोडीले त चरम शारीरिक तथा मानसिक यातना भोग्नु पर्दछ । दलितलाई मानिसको व्यवहार नै नगर्ने यस किसिमको विभेद विरुद्ध राजनीतिक र सामाजिक रूपमा दलितले प्रतिरोध गर्दै आइरहेका छन् । राजनीतिक दलहरूले पनि छुवाछूतको अन्त्य गर्न सरकारले पहल गर्नुपर्ने मुद्दा उठाए । यसै गरी विभिन्न राजनीतिक दलका दलित भ्रातृ संगठनले पनि छुवाछूत-भेदभाव संवैधानिक र कानूनी रूपमै अन्त्य गर्नुपर्ने कुरालाई निरन्तर रूपमा उठाए । "जनयुद्ध" थाल्नुअघि नेकपा (माओवादी) ले माघ २०५२ मा तत्कालीन प्रधानमन्त्रीलाई बुझाएको चालीस बुँदे पत्रमा दलित माथिका भेदभाव र छुवाछूत प्रथा पूर्ण रूपले बन्द गर्नुपर्ने माग उल्लेख थियो । पचासको दशकमा राजनीतिक दलित संगठन र दलित नागरिक समाजले सार्वजनिक स्थलमा मात्रै नभई निजी क्षेत्रमा हुने सबै खालका भेदभावको अन्त्य हुनुपर्ने माग सहित कतै संयुक्त रूपमा त कतै एक्लाएक्लै संघर्ष गरे ।

दश वर्षे माओवादी "जनयुद्ध" र २०६२–२०६३ सालको जनआन्दोलनपछि दलितमाथि सार्वजनिक र निजी क्षेत्रमा हुने विभेदको संवैधानिक र कानूनी अधिकार स्थापित गरिनुपर्ने मागले निरन्तरता पायो । त्यसै क्रममा *नेपालको अन्तरिम संविधान, २०६३* को धारा १४(२) मा कुनै व्यक्तिलाई जात, वंश, समुदाय आदिका आधारमा कुनै किसिमको छुवाछूत तथा भेदभाव गर्न नपाइने, त्यस्तो भेदभाव दण्डनीय हुने र पीडितले क्षतिपूर्ति समेत पाउने व्यवस्था भयो (नेपाल सरकार २०६३) । वि.सं. २०६४ मा संविधानसभाको निर्वाचनपछि छुवाछूत र भेदभाव अन्त्यका लागि ऐनको आवश्यकताबारे राजनीतिक दलित संगठन, सभासद् र दलित नागरिक समाजले आवाज उठाए । दलितमाथि सामाजिक-सांस्कृतिक क्षेत्रमा रहेको छुवाछूत-भेदभाव, अन्याय र अपमानको अन्त्य गरी आत्मसम्मानपूर्वक बाँच्न पाउने व्यवस्था संवैधानिक रूपमा सुनिश्चितताका लागि संविधानसभा, राजनीतिक दल र अन्य सरोकारवालालाई उत्तरदायी बनाउन दलित नागरिक समाज लागि परिरह्यो । सरकारलाई दबाब दिन दलित गैरसरकारी संस्थाले ऐनको मस्यौदा तयार पारेर सरकारलाई बुझाए । संसद्मा विधेयक दर्ता भइसकेपछि पनि छुवाछूत-भेदभावको व्यावहारिक रूपमा अन्त्य गर्ने प्रावधान समावेश गराउन राज्यलाई दबाब दिइयो । राष्ट्रिय दलित आयोगले सरकार समक्ष पेस गरेको मस्यौदा विधेयकमाथि दलित सेवा संघले केन्द्रदेखि स्थानीय तहसम्म कानूनविद्, नागरिक समाजका प्रतिनिधि र अन्य सरोकारवालासँग छलफल गरेर वैकल्पिक विधेयक नै सरकारलाई बुझायो (दलित सेवा संघ २०६६) ।

अर्कोतिर, दलित सभासद्ले ऐन पारित गराउन संसद्भित्र प्रभावकारी भूमिका निर्वाह गरे । राजनीतिक दलित संगठन, दलित सभासद् र नागरिक समाजको निरन्तर प्रयासपछि जेठ १०, २०६८ मा संविधानसभा तथा व्यवस्थापिकाबाट *जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन,* २०६८ पारित भयो । जेठ १८ मा प्रमाणीकरण भएपछि यो ऐन लागू

भयो । जातीय भेदभाव र छुवाछूत अन्त्यका लागि ल्याइएको यो नै पहिलो र महत्त्वपूर्ण ऐन हो । यो ऐनले मूलतः कसैले कुनै व्यक्तिलाई धर्म, संस्कृति, जात, जाति, वंश, समुदाय, आदिका आधारमा "सार्वजनिक वा निजी" कुनै पनि ठाउँमा जातीय भेदभाव तथा छुवाछूत गर्न नपाइने व्यवस्था गरेको छ । विभेद गर्नेलाई विभेदको प्रकृति हेरी एक महिनादेखि तीन वर्षसम्म कैद र पाँच सयदेखि दुई लाखसम्म जरिवाना हुनसक्ने व्यवस्था गरिएको छ । यसै गरी, यो ऐन बमोजिम कसुर गरेको ठहरिएमा कसुरदाताले पीडितलाई दुई लाखसम्म क्षतिपूर्ति दिनुपर्ने व्यवस्था पनि गरिएको छ (नेपाल सरकार २०६८ ) । यो ऐन निर्माणका लागि मूलतः सभासद्, राजनीतिक दलित भ्रातृ संगठन र दलित नागरिक समाजको संयुक्त भूमिका महत्त्वपूर्ण रहेको थियो ।

नेपालमा संविधानसभा मार्फत राज्यको पुनर्संरचना र नयाँ संविधान निर्माणको बहस शुरू भएसँगै दलित नागरिक समाजले पनि राज्यको पुन:संरचना, समावेशीकरण र छुवाछूत-भेदभाव अन्त्य गरिनुपर्ने मुद्दालाई केन्द्रमा राखेको पाइन्छ । अध्येता यामबहादुर किसान भन्छन्, "मूलतः दलित नागरिक समाजले संविधानसभाको बेला संवैधानिक रूपमा सम्बोधन हुनपर्ने दलित मुद्दाको पहिचान, नयाँ संविधानसभामा समेटिनुपर्ने प्रावधान र एकीकृत रूपमा ती मुद्दालाई कसरी लैजानुपर्छ भन्ने विषयमा राजनीतिक पार्टीका दलित भ्रातृसंगठन र दलित अधिकारकर्मीबीच सहजीकरण गर्ने तथा आवश्यकता अनुसार प्रचार-प्रसार गर्ने काम गरेको थियो ।"[१२] यसै क्रममा नागरिक समाजले संविधान निर्माण प्रक्रियामा उठेका विविध विषयलाई सरलीकरण गर्ने र नयाँ संविधानमा समावेश गर्नुपर्ने दलित अधिकारबारे जनमत निर्माण गर्ने काममा सघाए ।

विभिन्न दलित गैरसरकारी संस्थाले पहिलो संविधानसभा भंग नहुँदासम्म छुवाछूत-भेदभावलाई जघन्य सामाजिक अपराधका रूपमा संविधानमै किटान गरिनुपर्ने माग राखेर निरन्तर सडक आन्दोलन गरे । दोस्रो संविधानसभामा पनि दलित संघर्ष जारी रह्यो । त्यसै गरी, दलित नागरिक संघ-संगठनले वैशाख २२, २०७० मा नेपाल सरकार मन्त्रिपरिषद्का अध्यक्षलाई छ बुँदे माग राखेर ज्ञापनपत्र दिए । यसरी नै अन्य गैरसरकारी संस्थाले पनि संविधानसभा अवधिभर छुवाछूत-भेदभावको अन्त्य सहित दलित अधिकारका लागि निरन्तर पैरवीदेखि सडक संघर्षसम्म गरे । दलित नागरिक समाजले राजनीतिक दलित संगठनहरूबीच नयाँ संविधानमा समेटिनुपर्ने संवैधानिक र कानूनी अधिकारबारे साझा दृष्टिकोण बनाउन ती संगठनका प्रतिनिधिलाई एकै ठाउँमा राखेर छलफल गराए । अध्येता यामबहादुर किसानका अनुसार दलित भ्रातृसंगठनहरूले गठन गरेको संयुक्त राजनीतिक संघर्ष समितिलाई पनि कसरी अगाडि बढ्ने भन्ने अस्पष्टता हुँदा दलित नागरिक समाजले नै सहजीकरण गर्ने, बहस र छलफलको वातावरण बनाइदिने काम गर्‍यो । यसै क्रममा

[१२] अध्येता किसानसँग असोज १५, २०७६ मा गरिएको कुराकानी ।

संयुक्त राजनीतिक दलित संघर्ष समिति, सभासद् र नागरिक समाजको संयुक्त मोर्चा निर्माण गरी संवैधानिक रूपमा छुवाछूत-भेदभाव अन्त्यको अभियान सञ्चालन गर्ने सन्दर्भमा पनि दलित नागरिक समाजले प्रभावकारी भूमिका निर्वाह गऱ्यो ।

संयुक्त संघर्षकै परिणाम २०७२ सालमा जारी नेपालको संविधानको धारा २४ मा "छुवाछूत तथा भेदभाव विरुद्धको हक" को व्यवस्था गरेको छ । उक्त धारामा कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय आदिका आधारमा "कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गर्न नपाइने" र त्यस्तो विभेद गम्भीर "सामाजिक अपराध" हुने व्यवस्था गरिएको छ (नेपाल सरकार २०७२) । यस्तो विभेद गर्नेलाई कानून बमोजिम दण्ड, जरिवाना हुने र पीडितले क्षतिपूर्ति पाउने व्यवस्था पनि गरिएको छ । यसले सार्वजनिक क्षेत्रमा मात्रै नभई निजी क्षेत्रमा पनि दलितमाथि कुनै किसिमको भेदभाव गर्न नपाइने व्यवस्था गरेको छ । दलितले यी संवैधानिक अधिकार प्राप्त गर्नुमा मूलतः राजनीतिक दलित संगठन, दलित सभासद्का साथै दलित नागरिक समाजको पनि महत्त्वपूर्ण भूमिका रहेको थियो ।

नेपालमा विभेदकारी हिन्दू धर्ममा आधारित राज्य रहँदासम्म धार्मिक विभेद अन्त्य नहुने ठहर गर्दै दलित संघ-संगठनले धर्मनिरपेक्ष राज्यको माग उठाएको इतिहास पनि छ । मूलतः आदिवासी जनजाति, दलित र अन्य समुदायको संघर्षसँगै "जनयुद्ध"को रापतापकै परिणाम स्वरूप *नेपालको अन्तरिम संविधान, २०६३* ले नेपाललाई धर्मनिरपेक्ष राज्य कायम गरेको थियो । वि.सं. २०७२ मा जारी नेपालको संविधानमा सनातन हिन्दू धर्मलाई संरक्षण गरेको भए पनि सैद्धान्तिक रूपले धर्म निरपेक्षतालाई स्वीकार गरिनुलाई थोरै भए पनि उपलब्धि मान्न सकिन्छ ।

## *समावेशीकरणको अधिकार*

राज्यको नीति-निर्माण र कार्यान्वयन गर्ने तहमा दलित समुदायको कहिल्यै अर्थपूर्ण प्रतिनिधित्व हुन सकेन । प्रतिनिधित्वको अभावमा दलित माथिका विभेद र बहिष्करणको अन्त्यका लागि आवश्यक नीतिगत व्यवस्था हुन सकेन । त्यसैले राज्यका नीति निर्माण गर्ने स्थानमा दलितहरूले समानुपातिक प्रतिनिधित्वको माग पञ्चायतदेखि नै उठाएका थिए । वि.सं. २०२९ मा काठमाडौँमा भएको "नेपाल राष्ट्रिय दलित जनविकास परिषद्" को राष्ट्रिय भेलाले पहिलो पटक दलितका लागि संवैधानिक आरक्षणको माग गरेको थियो (मुक्ति समाज २०५२) । त्यसपछि लामो समयसम्म यो विषयमा खासै बहस भएन ।

पञ्चायती व्यवस्थाको अन्त्यपछि भने समावेशीकरणको मुद्दा बिस्तारै उठ्न थाल्यो । वि.सं. २०४८ मा नेकपा एकता केन्द्रको महाधिवेशनमा दलितलाई आरक्षण दिइनुपर्ने कुरा स्वीकारियो (आहुति २०६७) । यससँगै दलित समुदायले पनि राज्यसत्तामा प्रतिनिधित्वको

एजेण्डालाई सशक्त रूपमा अगाडि बढाए। विभिन्न वामपन्थी राजनीतिक पार्टीसँग आबद्ध रहेका व्यक्तिहरूबाट बनेको नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजको नेतृत्वमा २०५६ सालमा "जातीय छुवाछूत विरुद्धको राष्ट्रिय जागरण, दलितलाई सम्पूर्ण क्षेत्रमा आरक्षण" भन्ने नारा सहित देशव्यापी अभियान सञ्चालन गरियो। यस समाजले चैत १०, २०५६ मा तत्कालीन प्रधानमन्त्रीलाई छुवाछूत-भेदभाव अन्त्यका साथै ऐतिहासिक दुर्व्यवहारको क्षतिपूर्ति स्वरूप संवैधानिक रूपमा आरक्षणको माग सहित संघर्ष गऱ्यो (समानता २०५७)। यसै क्रममा असार ९, २०५७ मा सिंहदरबार घेराउ कार्यक्रम समेत गऱ्यो भने असार १० देखि दलितलाई सम्पूर्ण क्षेत्रमा आरक्षण, जातीय छुवाछूतको अन्त्य र उच्च स्तरीय दलित आयोगको माग सहित भद्रकालीमा अनिश्चितकालीन रिले अनसन बस्यो। उक्त अनसनमा दलित संघ-संस्था, राजनीतिक दलित संगठन र मानवअधिकारकर्मी, साहित्यकार, मजदुर, विद्यार्थीको ऐक्यबद्धता र सहभागिता थियो (विश्वकर्मा २०५७)। वि.सं. २०६१ मा दलित गैरसरकारी संस्था महासंघले दलित समुदायको मूलप्रवाहीकरणका लागि आरक्षण सम्बन्धी ऐन, २०६१ को मस्यौदा नै तयार पाऱ्यो। उक्त मस्यौदा विधेयकमा रोजगार, निजी क्षेत्र, शिक्षा, राजनीति, संवैधानिक पद, आर्थिक क्षेत्र, न्यायपालिकामा दलितले पाउनुपर्ने आरक्षण लिपिबद्ध गरिएको थियो (विश्वकर्मा र विश्वकर्मा २०६१)।

२०६३ सालमा अन्तरिम संविधान जारी गर्ने बेला पनि दलित राजनीतिक संगठन र नागरिक समाजले आरक्षणको मुद्दालाई सशक्त रूपमा उठाए। त्यसैले अन्तरिम संविधानले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्य संरचनामा दलित सहभागी हुने अधिकारको व्यवस्था गऱ्यो भने संविधानसभामा पहिलो हुने निर्वाचित हुने र समानुपातिक हुने मिश्रित निर्वाचन प्रणाली अपनायो। त्यसै गरी निजामती कर्मचारी, प्रहरी सेवा, संसद् सचिवालय, स्वास्थ्य, विकास सेवा, शिक्षक तथा शिक्षा कर्मचारी सेवा आदिमा दलितलाई आरक्षण दिने कानूनी व्यवस्था भएको छ (किसान २०७३)। २०६४ सालमा पहिलो संविधानसभाको निर्वाचनपछि भने दलित नागरिक समाजले नयाँ संविधानमा समावेश हुनपर्ने विषयवस्तुलाई प्राथमिकताका साथ उठाए। राज्य पुनर्संरचना मार्फत गठन हुने संघीय राज्यव्यवस्थामा दलितको कम्तीमा समानुपातिक समावेशी प्रतिनिधित्व संवैधानिक रूपमै सुनिश्चित हुनुपर्ने माग सहित विभिन्न संघ-संस्थाले जिल्ला तहदेखि केन्द्रसम्म राजनीतिक दल र सरोकारवालालाई दबाब दिए। संविधानसभामा अपनाइएको मिश्रित निर्वाचन प्रणालीबाट दलितको समानुपातिक प्रतिनिधित्व हुन नसकेको यथार्थलाई मध्यनजर गर्दै परिणाममै दलितको पूर्ण समानुपातिक प्रतिनिधित्व हुने गरी निर्वाचन प्रणालीको व्यवस्था गर्न राजनीतिक दलित संगठन र दलित नागरिक समाजले छलफल, बहस, अन्तरक्रिया, पैरवी आदिका माध्यमबाट राजनीतिक दलका नेतृत्व र संविधानसभाका सदस्यलाई उत्तरदायी बनाउने प्रयत्न गरे। २०६४ सालमा संविधानसभाको निर्वाचनपछि नेपालमा

राज्य पुनर्संरचनाको बहस तीव्र रूपमा उठ्यो । मूलतः राज्य पुनर्संरचना मार्फत गठन हुने संघीयतामा दलित अधिकारको सुनिश्चितता, राज्यका सबै तहमा दलितको समानुपातिक समावेशीकरण गर्ने संवैधानिक अधिकारको प्रत्याभूति, उत्पादनका स्रोत-साधन र अवसरमा न्यायोचित पहुँचजस्ता मुद्दामा दलित नागरिक समाजले निरन्तर छलफल, बहस र अन्तरक्रिया, आदि सञ्चालन गरे ।

दलित बाहुल्य भएका स्थानमा भौगोलिक संघीय इकाइ वा प्रदेश गठन गरिनुपर्ने, दलितको निश्चित भूगोल नभएका कारण गैरभौगोलिक संघीय इकाइको व्यवस्था गरिनुपर्ने र गठन गरिने संघीय प्रदेशमा दलितलाई विशेषाधिकार दिइनुपर्ने जस्ता मुद्दामा दलित राजनीतिक संगठन र दलित नागरिक समाजबीच निरन्तर बहस र छलफल आयोजना गरिए। त्यसै गरी राज्यको पुनर्संरचना हुँदा परिणाममै अनिवार्य रूपमा दलितको समानुपातिक प्रतिनिधित्व हुने संवैधानिक र कानूनी व्यवस्थाबारे पनि संविधानसभा अवधिभर निरन्तर बहस, छलफल, गोष्ठी, सेमिनार, सम्मेलन आदि आयोजना गर्दै राजनीतिक दल र संविधानसभाका विभिन्न समितिलाई दबाब दिइयो । यसका साथै संघीयतामा उत्पादनका स्रोत-साधनको वितरण, राज्य र निजी क्षेत्रले प्रदान गर्ने रोजगार लगायतका क्षेत्रमा दलितको अधिकार सुनिश्चित गरिनुपर्ने कुरा पनि दलित नागरिक समाजले उठायो । त्यसै गरी राज्य पुनर्संरचना र दलित अधिकारका सन्दर्भमा दलित आन्दोलनको दृष्टिकोणमा एकरूपता ल्याउन वा अस्पष्टतालाई चिर्ने र दलित आन्दोलनको साझा माग निर्माण गर्ने काममा राजनीतिक दलित संगठन र नागरिक समाजले संयुक्त रूपमा बहस र विमर्श गरे ।[१३]

दलितले ऐतिहासिक विभेदको क्षतिपूर्ति सहित राज्यमा प्रतिनिधित्वको अधिकार पाउनुपर्ने मुद्दामा मिडिया मार्फत जनमत निर्माण गर्ने काममा जागरण मिडिया सेन्टर निरन्तर रूपमा लाग्यो । पत्रकारलाई यी मुद्दा उठाउन प्रशिक्षित गर्नेदेखि रेडियो कार्यक्रम उत्पादन र प्रसारण गरी जनमत निर्माण गर्ने काममा यस सेन्टरले भूमिका निर्वाह गरेको थियो । दलित महिला संघले दलित समावेशीकरणसँगै दलित महिलामाथि हुने वर्गीय, जातीय र लैंगिक विभेद संवैधानिक रूपमा अन्त्य गर्नुपर्ने माग गरेर विभिन्न क्रियाकलाप गर्‍यो। यसै क्रममा वैशाख २८–३०, २०६८ मा "नयाँ नेपालमा दलित महिलाको सवाल" विषयमा सम्मेलन गर्‍यो । सम्मेलनले दलित महिलामाथि हुने सबै प्रकृतिका विभेदको अन्त्यका साथै राज्यमा समानुपातिक प्रतिनिधित्वको माग गर्‍यो (दलित महिला संघ २०६८) । त्यस्तै, राष्ट्रिय दलित नेटवर्कले पुस ८, २०६९ मा ४० जिल्लाका दलित प्रतिनिधिबीच "नवौँ दलित संसद्" को आयोजना गर्‍यो । विभिन्न क्षेत्रबाट प्रतिनिधित्व

[१३] अध्येता डा. यामबहादुर किसानसँग असोज १५, २०७६ मा काठमाडौँमा र दलित गैरसरकारी संस्था महासंघका कार्यबाहक अध्यक्ष भक्त विश्वकर्मासँग असोज १५, २०७६ मा गरिएको कुराकानी ।

गर्ने दलित समुदायका अधिकारकर्मी, विज्ञ, राजनीतिक दलमा आबद्ध दलित नेतृत्व बीचको छलफलबाट तयार पारिएको घोषणापत्रलाई दलित मागपत्रका रूपमा राजनीतिक दलहरूसमक्ष पेस गरियो । यसरी दलित संसद्ले संवैधानिक रूपमै दलितको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने माग गऱ्यो (राष्ट्रिय दलित नेटवर्क २०६९) । यसै क्रममा एकतिर, दलित नागरिक समाजले संवैधानिक रूपमा ऐतिहासिक विभेदको क्षतिपूर्ति सहित कम्तीमा २० प्रतिशत प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने माग राखी वैशाख १५, २०६९ बाट संघर्षको कार्यक्रम सार्वजनिक गऱ्यो । राजनीतिक नेतृत्वसँग भेटघाट गर्नेदेखि चक्काजाम गर्ने सम्मको आन्दोलनका कार्यक्रम गरियो ।[१४] अर्कोतिर, संयुक्त राजनीतिक दलित संघर्ष समितिले ऐतिहासिक विभेदको क्षतिपूर्ति स्वरूप संघमा ३ प्रतिशत, प्रदेशमा ५ प्रतिशत र स्थानीय निकायमा १० प्रतिशत थप प्रतिनिधित्वको संवैधानिक व्यवस्था गरिनुपर्ने माग सहित आन्दोलन थाल्यो । नयाँ संविधान जारी हुनुपूर्व संयुक्त राजनीतिक संघर्ष समिति र दलित नागरिक समाजले समानुपातिक प्रतिनिधित्व र दलित अधिकारको सुनिश्चितताका लागि संयुक्त संघर्ष गरे । असार १९, २०७२ मा संवैधानिक दलित अधिकारको माग गर्दै बिजुलीबजार काठमाडौँमा गरिएको चक्काजाममा प्रहरीले दमन गऱ्यो । दमनमा परी संघर्ष समिति र दलित नागरिक समाजका सदस्यहरू घाइते भए ।

यिनै आन्दोलनहरूको परिणाम स्वरूप समावेशीकरणलाई ध्यान दिई ऐन नियमको व्यवस्था पनि भयो । वि.सं. २०७२ को संविधानको धारा ४० मा "दलितको हक" मा दलितलाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक प्राप्त भयो । यसै गरी दलित आन्दोलनले शिक्षाबाट वञ्चित दलितले छात्रवृत्ति सहित निःशुल्क शिक्षा पाउनुपर्ने माग उठाउँदै आएको थियो । नयाँ संविधानको धारा ४०(२) मा दलितका लागि प्राथमिकदेखि उच्च तहसम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिने तथा प्राविधिक र व्यावसायिक उच्च शिक्षामा कानून बमोजिम विशेष व्यवस्था गर्ने प्रावधान राखियो । यसै गरी आन्दोलनकै कारण राज्यले शिक्षा ऐन संशोधन गरी दफा १६ मा संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशतमा नघट्ने गरी विपन्न, अपांगता भएका व्यक्ति, महिला, दलित वा जनजाति विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था गऱ्यो । *निजामती सेवा ऐन,* २०४९ लाई सरकारले २०६४ सालमा संशोधन गरी ४५ प्रतिशत निजामती सेवा आरक्षित गरिने र त्यसमध्ये ९ प्रतिशत दलितका लागि आरक्षित गर्ने व्यवस्था गरिएको छ । त्यसै गरी, प्रहरी सेवा, सशस्त्र प्रहरी सेवा, सैनिक सेवा आदिमा ४५ प्रतिशत आरक्षित सिटमध्ये १५ प्रतिशत दलितका लागि छुट्ट्याइएको छ । त्यस्तै, व्यवस्थापिका संसद् सचिवालय

[१४] नयाँ संविधानमा दलित अधिकार सुनिश्चितताका लागि दलित नागरिक समाजले वैशाख १५, २०६९ मा जारी गरेको प्रेस विज्ञप्ति ।

सेवा, स्वास्थ्य सेवा, विकास समिति सेवा, शिक्षक तथा शिक्षा कर्मचारी सेवा, स्थानीय स्वायत्त शासन सेवामा आरक्षित ४५ प्रतिशत सिटमध्ये ९ प्रतिशत चाहिँ दलितका लागि छुट्याइएको छ (किसान २०७३) । नयाँ संविधानको धारा ४२ मा "सामाजिक न्यायको हक" ले पनि दलित लगायत पछाडि पारिएका समुदायलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यमा सहभागिताको सुनिश्चितता गरेको छ । यसै गरी मिश्रित निर्वाचन प्रणाली अनुसार राज्यमा दलितको प्रतिनिधित्व हुने व्यवस्था भएको छ । यसको अर्थ लामो सामाजिक-राजनीतिक संघर्षपछि नेपालको संविधान र राजनीतिक दलले समानुपातिक समावेशी सिद्धान्तलाई स्वीकार गरेका छन् । राज्यमा दलित समावेशीकरणका लागि प्राप्त यी कानूनी अधिकार निरन्तर दलित आन्दोलनकै प्रतिफल हो ।

### *भूमि तथा आवासको अधिकार*

भूमिहीनता दलितको ठूलो समस्या हो । पटक-पटक भूमि सुधार आयोग तथा सुकुमबासी समस्या समाधान आयोग बने पनि त्यसले भूमिहीन दलितको समस्या समाधान हुन सकेन (देउजा २०७५) । भूमिहीनताका कारण ओत लाग्ने घर समेत नभएका कारण दलितलाई भू-सामन्तले हलिया, हरुवा, चरुवाका रूपमा आधुनिक दास बनाएको पाइन्छ । यस्ता शुद्ध भूमिहीन दलितको संख्या पहाडमा २३ प्रतिशत र तराईमा ४४ प्रतिशत छ । दुई रोपनीभन्दा कम जमिन भएकालाई कृषि भूमिहीन मान्दा पहाडका ७७ प्रतिशत र तराईका ९० प्रतिशतभन्दा बढी दलित भूमिहीन कृषकको रूपमा रहेका छन् (आहुति २०६३) । दास प्रथाको अवशेषको रूपमा हलिया प्रथा विद्यमान बँधुवा श्रम व्यवस्था हो । नेपालको पश्चिम र सुदूरपश्चिममा अहिले पनि २० हजारभन्दा बढीको संख्यामा हलियाहरू शोषणमूलक श्रम व्यवस्थामा छन् । हलियामध्ये ९७ प्रतिशत दलित नै छन् (विश्वकर्मा २०७५) । नियोजित रूपमा भूमिहीन बनाइएका दलितले भूमि माथिको स्वामित्व स्थापित गर्न निरन्तर आन्दोलन गरिरहेका छन् । सुदूरपश्चिम र मध्यपश्चिममा बँधुवा मजदुरका रूपमा रहेका हलियाको मुक्तिका लागि केही संस्था क्रियाशील रहेका छन् । हलियाहरूलाई प्रशिक्षित गर्ने, हलिया र मालिकलाई सँगै राखेर छलफल गर्ने तथा उनीहरूलाई संगठित गर्दै अधिकारका लागि संघर्षमा सामेल गराउने काममा विशेष गरी राष्ट्रिय दलित नेटवर्क र एनएनडीएसडब्लूओ कार्यरत छन् ।

श्रमशोषण र भूमिहीनता विरुद्ध हलियाहरूले २०३६ सालदेखि फाट्टफुट्ट अभियान शुरू गरेको देखिन्छ । वि.सं. २०४९ देखि २०५१ सम्म बझाङ र बैतडीमा हलियाको अवस्थाबारे अध्ययन गर्ने, हलियालाई संगठित गर्ने काम भएको थियो । यसै गरी वि.सं. २०५६ मा डडेल्धुरामा पहिलोपल्ट हलिया अधिकारको लागि ऱ्याली निकालिएको थियो । वि.सं. २०५७ मा हलिया जागरण मञ्चको गठन भएको थियो भने वि.सं. २०६२ मा हलिया

मुक्ति समाज महासंघ नै स्थापना भएको थियो । त्यसपछि हलिया आन्दोलन थप सशक्त भयो । ती संघ-संगठनसँगै राष्ट्रिय दलित नेटवर्क, एनएनडीएसडब्लूओ जस्ता संघ-संस्थाले राज्यले हलिया मुक्तिको घोषणा गर्नुपर्ने, उनीहरू पुस्तौँदेखि बसोबास गर्दैआएको घर बिनासर्त उनीहरूकै नाममा दर्ता गरिनुपर्ने, ऋण खारेज गरी क्षतिपूर्ति स्वरूप जमिनमाथि मोहीयानी हक कायम गरिनुपर्ने र हलिया अधिकार सुनिश्चितताका लागि आयोग गठन गरिनुपर्ने जस्ता माग अगाडि सारेर जागरण अभियान, अभिमुखीकरण र आन्दोलन सञ्चालन गरे (वि. के. मिति नखुलेको) । यसै गरी २०६२ सालमा हलिया मुक्तिका लागि यी दुवै संस्थाले सर्वोच्च अदालतमा मुद्दा पनि दर्ता गरे । सर्वोच्च अदालतले २०६४ सालमा हलिया मुक्तिको घोषणा गर्न सरकारलाई आदेश दियो । सोही आदेशका आधारमा हलियालाई भूमि वितरण गराउन भूमिसुधार मन्त्रालयले मस्यौदा तयार पारे पनि ऐन भने पारित हुन सकेन (विश्वकर्मा २०७५) ।

हलियाको आन्दोलन जिल्लामा मात्रै केन्द्रित रहेन, काठमाडौँमा समेत विस्तार भयो । राजधानीमा समेत हलियाको आन्दोलन भएपछि सरकारलाई दबाब पऱ्यो । यसैको फलस्वरूप भदौ २०, २०६५ मा नेपाल सरकार र मुक्त हलिया आन्दोलनबीच एउटा सहमति भयो । उक्त सहमति अनुसार भदौ २१, २०६५ मा ऋणको खारेजीसँगै हलियाको अवस्थाबारे अध्ययन गर्न कार्यदल बनाई हलियाका समस्या हल गर्ने गरी हलिया मुक्तिको घोषणा गरियो (वि.के. मिति नखुलेको) ।

संवैधानिक र कानूनी व्यवस्था गर्दै भूमिहीन दलितलाई जीविकोपार्जनका लागि पुग्ने गरी न्यायोचित रूपमा जमिन उपलब्ध गराउनु पर्ने, आवास विहीन दलितका लागि राज्यले बसोबासको व्यवस्था गर्नुपर्ने र भूमि वितरण गर्दा दलितलाई पहिलो प्राथमिकता दिइनुपर्ने माग दलित आन्दोलनले उठाएको थियो । यी आधारभूत माग विरुद्ध वर्णवादी सत्ताका पहरेदारहरू निरन्तर लागिरहे । तिनै दलित आन्दोलनलाई सम्बोधन गर्ने गरी *नेपालको संविधान*, २०७२ को धारा २९ मा "शोषण विरुद्धको हक" को व्यवस्था गरिएको छ । यसले हलिया, हरुवा, चरुवा, हलिया, बालीघरे जस्ता शोषणको अन्त्यका लागि यो व्यवस्था महत्त्वपूर्ण छ । यसै गरी दलितको हक सम्बन्धी धारा ४० को उपधारा ५ मा भूमिहीन दलितलाई एक पटक कानून बमोजिम भूमि उपलब्ध गराउने र उपधारा ६ मा आवास विहीन दलितलाई बसोबासको व्यवस्था गर्ने कुरा उल्लिखित छ । यो संवैधानिक प्रावधान मूलतः सबै भूमिहीन दलित र हलियाहरूको संगठित अभियानकै प्रतिफल हो । यद्यपि, भूमिहीन दलितले भूमि पाउने सुनिश्चितता भने अझै भइसकेको छैन ।

### *पेसागत अधिकार*

वर्ण व्यवस्था र त्यसको आधारमा लेखिएका विधानले तोके बमोजिमका पेसा अपनाउनै पर्ने बाध्यात्मक अवस्था थियो । यो दलित र गैरदलित दुवैको हकमा लामो समयसम्म पेसाको बारबन्देज लागू गरिएको थियो । तर सामाजिक रूपमा भने दलित समुदायलाई केही अवस्थामा परम्परागत पेसा नै अपनाउनुपर्ने गरी बाध्य पारिएका उदाहरण छन् । त्यस्ता सामाजिक व्यवहारले संविधानले प्रदान गरेको जुनसुकै पेसा गर्न पाउने नागरिकको पेसागत अधिकारको हनन गर्छ । यस्ता केही उदाहरणको चर्चा यहाँ गरिएको छ ।

दलित समुदायमध्ये तराईको चमार जातिमाथि गाउँमा जो कसैको पनि पशुको सिनो फाल्नुपर्ने बाध्यता थोपरिएको थियो । सिनो नफाले उनीहरूले गैरदलितबाट धम्की, कुटपिट र बहिष्कार समेत सामना गर्नुपर्थ्यो । २०५४ सालमा सप्तरीमा स्थापित राम समाज कल्याण संघले सिनो फाले बापत ज्याला पाउनुपर्ने निर्णय गरेर गाउँ-गाउँमा प्रचार थालेपछि गैरचमारसँग द्वन्द्व बढ्दै गयो । गैरचमारहरू चमारले पशुको सिनो पनि उठाउनु पर्ने गरी उनीहरूमाथि थोपरिएको पेसागत बारबन्देजको पक्षमा उभिए । यही मुद्दा २०५६ सालमा सिनो बहिष्कार आन्दोलनको रूपमा सिराहा र सप्तरीमा उठ्यो । राम समाज कल्याण संघ, सरस्वती सामुदायिक विकास मञ्च लगायतका संस्थाको अग्रसरतामा सिराहा र सप्तरीका विभिन्न ठाउँमा सिनो बहिष्कार अभियान शुरू भएपछि गैरदलितले चमारहरूमाथि नाकाबन्दी लगाए । नाकाबन्दीको विरोधमा दलित अधिकारर्मी, मानवअधिकारवादी, लेखक आदिको संलग्नतामा आन्दोलन भएपछि चमार बस्तीमा नाकाबन्दी फुकुवा भयो । चैत ११, २०५६ मा कसैलाई पनि करकापमा सिनो फाल्न नलगाउने सहमति भयो (पासवान २०७०) । यस आन्दोलनले शोषणमूलक श्रम-सम्बन्धको अन्त्य गर्न राज्यलाई दबाब दियो । यसको अगुवाइ दलित नागरिक समाजले गरेका थिए । जातीय छुवाछूत तथा भेदभाव (कसुर र सजाय) ऐन र नयाँ संविधानको धारा २४ ले कसैलाई पनि कुनै निश्चित पेसा गर्नै पर्ने गरी बाध्य बनाउन नपाउने व्यवस्थाले यस्ता विभेदकारी श्रम-व्यवस्थाको संवैधानिक र कानूनी रूपमै अन्त्य गरेको छ ।

नेपालका बादी जातिले बाइसे, चौबीसे राज्यमा राजा-महाराजाका दरबारमा परम्परागत रूपमा नाचगान गर्थे र त्यसकै कमाइबाट जीविकोपार्जन गर्थे । बाइसे, चौबीसे राज्यको समाप्तिसँगै एकतिर, मनोरञ्जन पेसा संकटमा पर्दै गयो भने अर्कोतिर उनीहरूसँग उत्पादन गरिखाने भूमि थिएन । यसैकारण बादी पुरुष माछा मार्ने, ढोल, मादल बनाउने काममा लागे भने बादी महिला बाध्यतावश यौन पेसामा धकेलिए (नेपाल सरकार २०६५) । पेसागत संकट र भूमिहीनताका कारण कष्टकर जीवन बिताइरहेका बादीहरू आत्मसम्मानपूर्ण पेसा र भूमिमाथि स्वामित्वका लागि संगठित रूपमा संघर्षरत् छन् ।

बादी समुदायले २०५५ सालमा कैलालीमा सामुदायिक सेवा समिति गठन गरेर समुदाय भित्रको सुधारका काम शुरू गरे । वैशाख ९, २०६० मा जनहित संरक्षण मञ्च, गैरसरकारी संस्था महासंघ र सामाजिक जागरण (सेफ) का तर्फबाट टेक ताम्राकार लगायतले बादी समुदायको बाध्यात्मक देहव्यापारको अन्त्य, उनीहरूबाट जन्मिएका बालबालिकाको जन्मदर्ता र नागरिकताको व्यवस्था तथा सबैखाले विभेदको अन्त्य गरिनुपर्ने माग सहित सरकार विरुद्ध सर्वोच्चमा रिट दायर गरे । सर्वोच्च अदालतले बादी समुदायको समस्या अध्ययन गरी समाधान गर्ने जेठ ७, २०६१ मा निर्देशनात्मक आदेश जारी गऱ्यो (दर्नाल २०७०) । यसका साथै विभिन्न जिल्लामा बादी समुदायले जमिन उपलब्ध गराउनुपर्ने, बाध्यात्मक यौन पेसाबाट मुक्त गरिनुपर्ने र निःशुल्क शिक्षा सहित आयआर्जनको आवश्यक प्रबन्ध गरिनुपर्ने माग राखी सडक आन्दोलन गर्दै आएका थिए । २०६० सालमा उमादेवी बादी सामुदायिक सेवा समितिको अध्यक्षमा निर्वाचित भएपछि दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका बादीहरूले अधिकारका लागि भेला गरी बादी दबाब समिति गठन गरे । उमादेवी बादीकै संयोजकत्वमा गठन भएको दबाब समितिले २०६३ सालमा धनगढीमा बृहत् प्रदर्शन गऱ्यो भने पाँचै जिल्लाबाट प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझायो । त्यसपछि देशका २५ जिल्लामा बादी दबाब समिति गठन भयो (रम्तेल र वि.के. २०७५) ।

बादी दबाब समितिले २०६४ सालमा सरकार, राजनीतिक दल र विभिन्न आयोग र नियोगलाई आफ्ना मागबारे जानकारी गराउन काठमाडौँमा भेटघाट, अन्तरक्रिया र सडक आन्दोलन समेत गऱ्यो । सरकारबाट आफ्ना माग सम्बोधन गराउन ३५ जिल्लाका बादीहरूले काठमाडौँमा भेला भई असार ३१, २०६४ मा उमादेवी बादीको संयोजकत्वमा बादी अधिकार संघर्ष समिति गठन गरे । समितिले अधिकारका लागि साउन ३२ देखि निरन्तर ४५ दिनसम्म काठमाडौँमा सडक संघर्ष गऱ्यो । सरकारले आवाज सुनुवाइ नगरेको भन्दै भदौ ५ मा सरकारी निषेधाज्ञा तोड्दै बादी महिलाले सिंहदरबारको दक्षिणी गेटमा अर्धनग्न प्रदर्शन गरे । साथै, राजनीतिक दलका मुख्य नेतृत्वलाई भेटेर दबाब दिने, प्रधानमन्त्री कार्यालयमा धर्ना दिने जस्ता संघर्षका कार्यक्रम गरे (दर्नाल २०७०) । सो आन्दोलनमा बादी समुदायका साथै दलित नागरिक अगुवा र विभिन्न संघ-संस्थाको पनि संलग्नता रह्यो । असोज ६, २०६४ मा संघर्ष समिति र सरकारबीच बादी समुदायको आत्मसम्मानमा चोट पुग्ने अवस्थाको अन्त्यका लागि राज्यले पहल गर्ने र नागरिकता दिने व्यवस्था मिलाउने तथा बादी सम्बन्धी अध्ययन गर्ने कार्यदल निर्माण गरी बादीका समस्या समाधान गर्ने सहमति भयो । यसै सहमतिको आधारमा सरकारले बादी विकास बोर्ड गठन गऱ्यो ।

अर्कोतिर, दलितले परम्परागत पेसा छोडेर नयाँ पेसा व्यवसाय सञ्चालन गर्नबाट जातीयताकै कारण निषेध गरिएको उदाहरण पनि छँदैछ । वि.सं. २०५० मा स्याङ्जाको उदियाचौरमा स्थानीय दुध संकलन केन्द्रले दलितले बिक्रीको लागि ल्याएको दुध नलिएपछि

नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजको नेतृत्वमा आन्दोलन भयो । त्यसै गरी २०५५ सालमा नवलपरासीको गैंडाकोटमा एक सहकारीले दलितले उत्पादन गरेको दुध जातीय छुवाछूतकै कारण नलिएपछि मुक्ति समाजकै नेतृत्वमा नवलपरासीमा दुग्ध संघर्ष भयो । यसरी कुनै पेसा व्यवसायमा प्रतिबन्ध लगाइन नपाइने माग सहित निरन्तर दलित समुदायले संघर्ष गरे । ती संघर्षकै परिणाम *जातीय छुवाछूत तथा भेदभाव (कसुर र सजाय) ऐन,* २०६८ को दफा ४(६) मा कुनै पनि व्यक्तिलाई कुनै पेसा व्यवसाय गर्न प्रतिबन्ध लगाउन वा रोक लगाउन नपाइने व्यवस्था गरेको छ (नेपाल सरकार २०६८) भने संविधानसभाबाट जारी नयाँ सविधानको धारा २४(२) ले कुनै वस्तु कुनै व्यक्तिलाई खरिद वा प्राप्त गर्न रोक लगाउन नपाइने व्यवस्था गरेको छ । संविधान र कानूनले गरेका यी व्यवस्था पनि दलित राजनीतिक र नागरिक आान्दोलनकै परिणाम हुन् ।

### ***संरचनागत व्यवस्था***

दलित आन्दोलनले माग गरेकै कारण दलितको विकास र उपलब्ध संवैधानिक र कानूनी अधिकारको कार्यान्वयनका लागि सरकारलाई सुझाव दिन सरकारी संयन्त्र पनि गठन भएका छन् । ती संरचनाले गरेका उपलब्धि वा कमजोरीबारे छुट्टै समीक्षा गर्न सकिन्छ, त्यसबारे यहाँ चर्चा गरिएको छैन ।

दलित समुदायले भोग्दै आएका समस्या समाधानका लागि आवश्यक नीतिगत व्यवस्था गरी सरकारलाई सुझाव दिन, उपलब्ध संवैधानिक र कानूनी अधिकार कार्यान्वयनको अनुगमन र मूल्यांकन गर्न र दलितमाथि भएका विभेदका घटनाको अध्ययन र अनुगमन गरी सरकारलाई सुझाव दिने आदि क्रियाकलाप गर्न छुट्टै दलित आयोग चाहिन्छ भन्ने माग दलित समुदायले उठाउँदै आएका थिए । त्यसैले दलित समुदायको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक आदि क्षेत्रमा मूलप्रवाहीकरणका लागि छुट्टै सरकारी संयन्त्रको नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज, राजनीतिक दलित संगठन र सामाजिक संघ-संस्थाले माग गरे । त्यसैले सरकारले २०५४ सालमा उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समितिको गठन गऱ्यो । उक्त समितिले दलित विद्यार्थीलाई शिक्षाका लागि छात्रवृत्ति दिने, सीपमूलक तालिम, लोकसेवा तयारी कक्षा आदि सञ्चालन गर्दै आइरहेको छ ।

यसै गरी, दलित समुदायको मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्ने तथा दलितमाथि भएका विभेदका घटनाको अध्ययन अनुगमन गरी राज्यलाई दलित अधिकारप्रति जबाफदेही बनाउने उद्देश्यले २०५८ सालमा मन्त्रिपरिषद्को निर्णय बमोजिम "राष्ट्रिय दलित आयोग" को स्थापना भयो । राज्यले निर्माण गरेका कानूनको कार्यान्वयन गराउन र आवश्यक कानूनी व्यवस्थाको पहिचान गरी सरकारलाई सुझाव दिनु यस आयोगको मुख्य काम हो । राष्ट्रिय दलित आयोग सम्बन्धी विधेयक निर्माणको क्रममा दलित नागरिक समाजको भूमिका

उल्लेखनीय रह्यो । समाजले नै विधेयकका विविध पाटा र पक्षबारे बृहत् छलफल गरेर सरकारलाई सुझाव दिएको थियो । नयाँ संविधान जारी भएपछि राष्ट्रिय दलित आयोगले संवैधानिक आयोगको हैसियत पाएको छ ।

## दलित नागरिक समाज : आलोचनात्मक समीक्षा

मूलतः नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज जस्ता राजनीतिक चरित्रको दलित संगठनले संवैधानिक तथा कानूनी सुधारका लागि २०४९ सालदेखि एक दशकसम्म समुदायलाई संगठित, प्रशिक्षित र परिचालित गरेका थिए । मुक्ति समाजले दलित समुदायले भोगेका छुवाछूत-भेदभावका घटनामा सशक्त प्रतिरोध आन्दोलन गर्नेदेखि राजनीतिक रूपमा संवैधानिक आरक्षणको माग सहित सडक संघर्ष गरेको थियो । यस अर्थमा नेपालको दलित आन्दोलनमा मुक्ति समाजको निकै महत्त्वपूर्ण योगदान छ । तर, विभिन्न राजनीतिक दलमा रहेका दलित राजनीतिक कार्यकर्ताहरूको यो साझा संगठन स्वतन्त्र र स्वायत्त संगठनको रूपमा लामो समय टिकेन । वि.सं. २०५५ मा तत्कालीन नेकपा (एमाले) नजिक रहेका नेताहरूले पार्टीको भ्रातृ संगठनको रूपमा नेपाल उत्पीडित जातीय मुक्ति समाज नामक अलग्गै दलित संगठन बनाए । नेकपा (माओवादी) का नेताहरूले यो सामाजिक संघ-संस्थाको रूपमा सीमित भएको आरोप लगाउँदै यसरी दलितको मुक्ति सम्भव छैन भनेर दलित मुक्ति मोर्चा गठन गरे (आहुति २०६७; परियार २०७०) । यसरी राजनीतिक रूपमा सचेत एकीकृत संगठनको आवश्यकता हुँदाहुँदै पनि मुक्ति समाज विभाजित हुनु दलित आन्दोलनका लागि सकारात्मक थिएन ।

वि.सं. २०४६ पछि दलित गैरसरकारी संस्था खुल्ने क्रमले तीव्रता पाएसँगै तिनको एकीकृत शक्ति निर्माणका लागि दलित गैरसरकारी संस्था महासंघ गठन भयो । ती गैरसरकारी संस्थाको एकल पहल वा दलित राजनीतिक संगठन सँगको साझेदारीमा अधिकारका पक्षमा क्रियाशील भएका छन् । विशेष गरी परियोजनाका आधारमा सञ्चालन हुने ती संस्था दाताबाट प्राप्त परियोजनाको पूर्वनिर्धारित दायरा, त्यसका निश्चित सीमाभन्दा बाहिर आउनसक्ने अवस्था थिएन । त्यही बन्धन र सीमाका कारण २०६३ सालमा अन्तरिम संविधान जारी हुनुपूर्व ती संघ-संस्थाले राज्य शक्तिको रूपान्तरण र संवैधानिक अधिकारलाई खासै प्राथमिकता दिएनन् । विशेष गरी दलित गैरसरकारी संघ-संस्थाले अन्तरिम संविधान जारी भएपछि संविधान सभाबाट बन्ने नयाँ संविधानमा समेटिनुपर्ने दलित अधिकारका साझा एजेण्डा तय गर्ने, ती अधिकार प्राप्तिका लागि एकीकृत रणनीति तयार पार्ने र प्रभावकारी वकालत गर्ने काम हुन सकेन । त्यसै कारण विभिन्न दलित संघ-संस्थाहरूले भिन्नाभिन्नै सुझाव राजनीतिक दल, संविधानसभाका विषयगत समितिलाई प्रदान गरे । दोस्रो संविधानसभाको बेला दलित नागरिक समाजले संयुक्त माग र एजेण्डा बनाएर संघर्ष

गरेका थिए । संविधानसभाको गठनदेखि नै दलित नागरिक समाजको संवैधानिक र कानूनी अधिकारबारे एकीकृत स्पष्ट दृष्टिकोण सहितका क्रियाकलाप सञ्चालन गरिएको भए थप प्रभावकारी हुन सक्थ्यो ।

दोस्रो संविधान सभाको बेला मात्रै दलित गैरसरकारी संस्थाको पहलमा "दलित नागरिक समाज" को गठन भयो । जसले दलितको संवैधानिक अधिकारका लागि एकीकृत अभियान सञ्चालन गरेका थिए । नागरिक समाजले नयाँ संविधानमा दलित अधिकार स्थापित गर्न संयुक्त राजनीतिक दलित संघर्ष समिति सँगको सहकार्यमा अभियानहरू सञ्चालन गऱ्यो । साथै, राज्य र राजनीतिक दललाई दलित मुद्दामा जिम्मेवार बनाउन दबाब दियो । त्यस्तै, सडक आन्दोलनमा पनि सक्रियतापूर्वक सहभागिता जनायो । संविधानसभाबाट नयाँ संविधान मार्फत जति अधिकार प्राप्त भएको छ, त्यसमा दलित नागरिक समाजको पनि भूमिका छ । तथापि, दलित नागरिक समाजले स्पष्ट रणनीतिक दृष्टिकोण सहितका दबाबमूलक अभियान सञ्चालन गरेको भए थप अधिकार प्राप्त गर्नसक्ने सम्भावना रहन्थ्यो । यसो हुन नसक्नुका धेरै कारणमध्ये नेपालका दलित संघ-संस्था र तिनको नेतृत्वले व्यक्तिगत र संस्थागत स्वार्थभन्दा माथि उठेर समुदायको बृहत्तर हितका लागि काम गर्न नसक्नु पनि हो (सुनार २०७६) ।

गैससमाथि हुने गरेको "दातामुखी भए" भन्ने आलोचनाबाट दलित गैससहरू पनि मुक्त छैनन् । कहिलेकाहीँ दलित संघ-संस्था दलित समुदायको आवश्यकतालाई प्राथमिकतामा राखी अभियान सञ्चालन गर्नेभन्दा पनि जुन सवालबाट परियोजना प्राप्त हुन्छ त्यतैतिर लाग्ने प्रवृत्ति देखिन्छ । संवैधानिक र कानूनी अधिकार प्राप्तिका लागि संघर्ष गर्नुपर्ने दलित गैरसरकारी संघ-संस्था दाताको आर्थिक सहयोग पाउने भएपछि संस्थाको रणनीति नै फेर्न समेत पछि पर्दैनन् ।[१५] यस प्रवृत्तिले दलित नागरिक समाजलाई पनि मूलतः परियोजना सञ्चालक मात्रै बनाउने दिशातिर लैजान्छ । यसले यथास्थितिवादी शक्ति संरचनालाई चुनौती दिने सामर्थ्य राख्दैन । यथास्थितिवादी राजनीति-सामाजिक शक्ति-सम्बन्धलाई फेर्न दलित संघ-संस्थाको स्पष्ट रणनीति अनिवार्य हुन्छ ।

दलित गैरसरकारी संस्थाले विशेष गरी विभिन्न विषयमा बहस, छलफल र अन्तरक्रिया गर्दै आएका छन् । ती अन्तरक्रिया दलितका बहुआयमिक सवालमा, विभिन्न दृष्टिकोण र फरक-फरक समूहबीच हुन सकेका छैनन् । परम्परागत विभेदकारी राज्य-निर्मित भाष्यलाई चुनौती दिने र तथ्यमा आधारित वैकल्पिक भाष्य निर्माण गर्ने स्तरका बहस र विमर्श दलित गैरसरकारी संस्थाले पर्याप्त मात्रामा गर्न सकेका छैनन् । विचार, दृष्टिकोण र सहभागितामा विविधता र गहिराइ नहुनु, पुरानै मुद्दामा मात्रै बहस घुमिरहनु दलित नागरिक समाजका

[१५] दलित अधिकारका लागि क्रियाशील केही संघ-संस्थाले भूकम्प पछिको पुनर्निर्माण, वातावरणीय परिवर्तन आदि क्षेत्रमा परियोजना सञ्चालन गरिरहेका छन् ।

बहस र ज्ञान उत्पादनमा देखा पर्ने मुख्य समस्या हो । एउटै विषयवस्तुमा एकै किसिमका सहभागी र उस्तै विचारमा छलफल हुने क्रमले दलितका मुद्दा सम्बन्धी बुझाइ र तिनको सम्बोधन गर्ने सवाललाई पनि सीमाबद्ध गरेका छन् । परिणाम स्वरूप दलितका जटिल मुद्दामा गम्भीर र आलोचनात्मक बहस अगाडि बढाउनुपर्ने आवश्यकतालाई दलित सामाजिक संघ-संस्थाले पूरा गर्न सकेका छैनन् ।

संवैधानिक र कानूनी अधिकार स्थापित गर्न दलित नागरिक समाजले एकीकृत रणनीति र कार्ययोजना बनाएर आवाजलाई सशक्त बनाउन सक्थे । संविधानसभाबाट नयाँ संविधान निर्माणको क्रममा होस् वा संघीयताको बहसको सिलसिलामा, दलित नागरिक समाजबीच बृहत्तर बहस र छलफल गरी परिणामुखी हस्तक्षेप गर्ने मामिलामा कमजोरी भएको पाइन्छ । विभिन्न समूह र संस्थाबाट संविधानसभालाई दिइएका सुझाव पनि दलित नागरिक समाजको एकीकृत सुझावको रूपमा पेस गर्न सकिन्थ्यो, जुन दबाबकारी र प्रभावकारी हुन सक्थ्यो । तर, आ-आफ्ना संस्थाको अलग अस्तित्व र उपस्थिति देखाउनकै लागि फरक-फरक संस्थाले आ-आफ्नै ढंगबाट सुझाव पेस गरे, दबाब, वकालत र पैरवी पनि गरे, जुन एकीकृत र सशक्त हुन सकेन । त्यस्तै, नयाँ संविधानमा समेटिनुपर्ने दलित अधिकारबारे स्थानीय तहदेखि केन्द्रसम्म पर्याप्त अभियान सञ्चालन हुन सकेनन् । उनीहरूले संघीयता, निर्वाचन प्रणाली लगायतका मुद्दामा पनि व्यापक बहस र छलफल चलाउन सकेनन् । फलस्वरूप नागरिक समाजको अगुवाइमा राजनीतिक दल र सभासद्लाई गर्नुपर्ने जति खबरदारी र दिनुपर्ने जति दबाब पुगेन ।

दलित नागरिक समाज राज्यलाई निरन्तर खबरदारी गर्ने आलोचनात्मक समूह पनि हो । यसको महत्त्वपूर्ण काम आलोचनात्मक बहसका लागि ज्ञान उत्पादन गर्नु हो, यसरी उत्पादित ज्ञान, तथ्य र तर्कका आधारमा वकालत गर्नु हो । तर, नेपालको दलित नागरिक समाजले प्रभावकारी र रचनात्मक वकालतको रणनीति बनाउन सकेको देखिँदैन । निर्णय प्रक्रियालाई नै प्रभाव पार्ने स्तरको वकालत दलित नागरिक समाजले गर्न सकेको छैन । राष्ट्रिय अवस्था, परिस्थिति र आवश्यकताका आधारमा स्पष्ट रणनीति सहित प्रभावकारी वकालत गर्ने काममा दलित नागरिक समाजले थप मिहेनत गर्नुपर्ने देखिन्छ ।

दलित अधिकारको मुद्दा राष्ट्रिय मात्रै नभई अन्तर्राष्ट्रिय सरोकारको विषय पनि हो । नेपालले सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (१९६५) मा हस्ताक्षर गरिसकेकोले दलितका संवैधानिक र कानूनी अधिकार सुनिश्चित गर्न गराउन यस्ता मुद्दा संयुक्त राष्ट्रसंघको स्तरबाट समेत उठाउन सकिन्छ । दलित गैरसरकारी संघ-संस्थाले ती मुद्दालाई अन्तर्राष्ट्रिय सरोकारवाला समक्ष धेरथोर उठाउने गरेका छन् । तर, अन्तर्राष्ट्रिय रूपमा मानवअधिकारवादी संघ-संगठन सँगको साझेदारीमा सशक्त रूपमा ती मुद्दा उठाउन र प्रभावकारी वकालत गर्ने प्रवृत्ति नेपालको दलित नागरिक समाजमा

देखिएको छैन ।[१६] समग्रमा, नेपालको दलित नागरिक समाजले दलित समुदायलाई जागरुक र आन्दोलित बनाउने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सशक्त आवाज उठाउने र रणनीतिक नेतृत्व दिनसक्ने नेतृत्वकर्ता स्थापित गर्न अझै बाँकी छ ।

## निष्कर्ष

नेपालको दलित समुदाय संवैधानिक र कानूनी अधिकार प्राप्तिका लागि राजनीतिक व्यवस्था परिवर्तन र सशक्त सामाजिक रूपान्तरणको क्षेत्रमा क्रियाशील छन् । दलित नागरिक समाजको मूल प्रवृत्ति चाहिँ सामाजिक आन्दोलनमा बढी केन्द्रित छ । यद्यपि, मुख्य राजनीतिक रूपान्तरणको आन्दोलनमा पनि दलित नागरिक समाज संलग्न हुँदैआएको छ । संवैधानिक र कानूनी अधिकार मूलतः राजनीतिक एजेण्डा भएकोले ती अधिकार प्राप्तिका लागि भएको आन्दोलनको मुख्य नेतृत्व दलित राजनीतिक संगठनले नै गर्दै आएका छन् भने दलित नागरिक संगठन/समाजले महत्त्वपूर्ण साझेदारको भूमिका निर्वाह गरिरहेको छ । विगत २५ वर्षको इतिहासमा संवैधानिक र कानूनी अधिकार प्राप्तिका सन्दर्भमा राजनीतिक दलित संगठन र दलित नागरिक समाजले केही महत्त्वपूर्ण घटनाक्रममा एकीकृत पहल गरेको देखिन्छ । तथापि, दीर्घकालीन रूपमा स्पष्ट रणनीतिक कार्ययोजना सहित अगाडि बढ्न सकेको देखिँदैन । दलित आन्दोलनले उठाएका दलितका समग्र मागहरू संवैधानिक र कानूनी रूपमा स्थापित गर्न अबका दिनमा एकीकृत रणनीति तर्जुमा गरी अगाडि बढ्नुपर्ने देखिन्छ ।

नागरिक समाजको मुख्य उद्देश्य र काम नै राज्य र सरोकारवालाको निगरानी गर्ने, खबरदारी गर्ने र समुदायप्रति उत्तरदायी बनाउने हो । दलित समुदायलाई उपलब्ध अधिकार, ती अधिकार प्रयोग गर्ने विधि र थप संवैधानिक र कानूनी अधिकारबारे जागरुक बनाउने काम दलित नागरिक समाजले गर्न सक्छ । यसका साथै दलित समुदायका जटिल र बहुआयामिक सवालमा गम्भीर बहस र छलफल चलाउने र राज्य र सरोकारवालालाई दलित मुद्दामा जिम्मेवार बनाउने काम दलित नागरिक समाजले गर्नुपर्छ । यसका लागि स्पष्ट दृष्टिकोण, रणनीति र कार्ययोजना बनाएर सिंगो दलित आन्दोलनसँगै एकाकार भएर दलित नागरिक समाज अगाडि बढ्नपर्छ । दलित संघ-संस्था र तिनको नेतृत्व निजी स्वार्थभन्दा समग्र समुदायको बृहत्तर हितलाई केन्द्रमा राखेर अगाडि बढ्न सक्नुपर्छ । यसका साथै दलितका सवाल बहुआयमिक छन् । ती मुद्दालाई सम्बोधन गर्ने फरक-फरक प्रकृत्तिका संघ-संस्थाका आवश्यकता हुन्छ ।

[१६] डिग्निटी इनिसिएटिभका संस्थापक सदस्य तथा अध्येता रूपबहादुर सुनारसँग मंसिर २०, २०७६ मा गरिएको कुराकानी ।

यहाँ विचारणीय एउटा प्रश्न हो—कुनै पनि संस्था वा संगठनले स्वायत्त रूपमा दलित मुद्दामा कत्तिको गम्भीर पहलकदमी लिनसक्छ र मुद्दा मिल्ने संगठनसँग कतिको सहकार्य गर्न सक्छ ? यसमा दुई थरी अभ्यासका आधारमा निष्कर्ष निकाल्न सकिन्छ। एक, विभिन्न राजनीतिक विचार राख्ने राजनीतिक व्यक्तिहरू संलग्न भए पनि स्वतन्त्र र स्वायत्त राजनीतिक संगठनको रूपमा क्रियाशील भएकै कारण दलित अधिकार स्थापित गराउने सन्दर्भमा मुक्ति समाजको भूमिका सशक्त रहन पुगेको थियो। दुई, दलित संघ-संस्थाले मुख्य राजनीतिक एजेण्डामा दलित राजनीतिक संगठनहरूसँगै सहकार्य गर्ने रणनीति लिएकैले पनि दलित आन्दोलनले थोरै मात्रामा भए पनि उपलब्धि हासिल गर्न सफल भएको हो। यसरी हेर्दा दलित अधिकार स्थापित गर्ने मामिलामा दलित नागरिक समाज र दलित राजनीतिक संगठन एकअर्काका परिपूरकका रूपमा रहनु जरुरी देखिन्छ। मूलतः आवश्यकताको हिसाबले दलित नागरिक समाज परियोजनाको परिधिबाट आलोचनात्मक नागरिक निगरानीकर्ता, राज्यलाई जबाफदेही बनाउने सशक्त शक्तिको रूपमा क्रियाशील हुनुपर्छ। यसका लागि दीर्घकालीन एकीकृत रणनीति निर्माण गर्न जरुरी हुन्छ।

## धन्यवाद

संवैधानिक र कानूनी अधिकारका लागि दलित नागरिक समाजको भूमिका विषयक यो लेख लेखनका विभिन्न चरणमा महत्त्वपूर्ण सल्लाह र सुझाव प्रदान गर्ने मार्टिन चौतारीका हर्षमान महर्जन, प्रत्यूष वन्त, देवराज हुमागाईं र सोहन प्रसाद साहप्रति आभार व्यक्त गर्दछु। यसै गरी यो लेखको पहिलो मस्यौदा अध्ययन गरी समीक्षात्मक टिप्पणी र सुझाव प्रदान गरिदिने अध्येता हिरा विश्वकर्मा र अन्तिम मस्यौदाको सम्पादन गरिदिने राजेन्द्र महर्जनका साथै अन्तर्वार्ताका लागि समय दिई महत्त्वपूर्ण सूचना, जानकारी र विचार प्रदान गर्ने सबैलाई धन्यवाद प्रदान गर्दछु।

## सन्दर्भ सामग्री

आहुति। सन् २००४। हिन्दू समाजमा दलित जातीय मुक्तिको प्रश्न। *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन*। मेरी डेशेन र प्रत्यूष वन्त, सं., पृ. ४७५–५२१। ललितपुर : सोशल साइन्स वहाः।

आहुति। २०६३। दलितका लागि आरक्षण–अधिकार। *आरक्षण र विशेषाधिकारको राजनीति*। पूर्ण बस्नेत र सुभाष दर्नाल, सं., पृ. १८७–२१९। काठमाडौँ : जागरण मिडिया सेन्टर।

आहुति। २०६७। *नेपालमा वर्णव्यवस्था र वर्ग संघर्ष*। ललितपुर : समता फाउण्डेशन।

किसान, यामबहादुर । २०५८ । *नेपालमा दलित जातीय मुक्ति आन्दोलन* । काठमाडौँ : जनउत्थान प्रतिष्ठान ।

किसान, यामबहादुर । २०७० । शैलेश्वरी मन्दिर प्रवेश संघर्ष : दलन र प्रतिरोधको इतिहास । *दलनविरुद्ध प्रतिरोध : नेपाली दलितहरूको संघर्ष गाथा* । राजेन्द्र महर्जन र यामबहादुर किसान, सं., पृ. ७०–९७ । ललितपुर : समता फाउण्डेशन ।

किसान, यामबहादुर । २०७३ । *नेपालमा सकारात्मक उपाय र सामाजिक समावेशीकरण : अवधारणा, अनुभव र उपादेयता* । ललितपुर : समता फाउण्डेशन ।

दर्नाल, अशोक । २०७० । बादी समुदायको संघर्ष : भूमि र अधिकारका लागि । *दलनविरुद्ध प्रतिरोध : नेपालमा दलितहरूको संघर्ष गाथा* । राजेन्द्र महर्जन र यामबहादुर किसान, सं., पृ. २८८–३१६ । ललितपुर : समता फाउण्डेशन ।

दर्नाल, लक्ष्मण । २०७२ । *संविधानसभामा दलित मुद्दा* । युवराज राई, सं. । काठमाडौँ : नेपाल क्रियटिभ हाउस ।

दलित महिला संघ । २०६२ । *नेपालमा दलित महिला* । ललितपुर : दलित महिला संघ ।

दलित महिला संघ । २०६८ । *नयाँ नेपालमा दलित महिलाको सवालमा जारी काठमाडौँ घोषणा पत्र, वैशाख २८–३०* । ललितपुर : दलित महिला संघ ।

दलित सेवा संघ । २०६६ । *जातीय भेदभाव तथा छुवाछूत अपराध उन्मूलन र सजाय ऐन, २०६५* । काठमाडौँ : दलित सेवा संघ ।

दिक्पाल, राजकुमार । २०७५ । कामी-सार्कीमाथि चौगुना कर । *अन्नपूर्ण पोस्ट्* । http://annapurnapost.com/news/114626 मा उपलब्ध; भदौ १०, २०७६ मा हेरिएको ।

देउजा, जगत । २०७५ । दलित किन भूमिहीन भए ? *नयाँ पत्रिका*, माघ १६, पृ. ७ ।

नेपाल सरकार । २०६३ । *नेपालको अन्तरिम संविधान, २०६३* । काठमाडौँ : नेपाल कानून आयोग ।

नेपाल सरकार । २०६५ । *बादी समुदायको अध्ययन गर्न गठित कार्यदलद्वारा तयार पारिएको अध्ययन प्रतिवेदन* । काठमाडौँ : बादी अध्ययन कार्यदल, नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालय ।

नेपाल सरकार । २०६८ । *जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८* । काठमाडौँ : नेपाल कानून आयोग ।

नेपाल सरकार । २०७२ । *नेपालको संविधान* । काठमाडौँ : नेपाल कानून आयोग ।

नेपाली, शुकलाल । मिति नखुलेको । बादी समुदायको वर्तमान अवस्था र समाधानका पक्षहरू । बादी उत्थान विकास समितिले आयोजना गरेको एक अन्तरक्रिया कार्यक्रममा प्रस्तुत गरिएको कार्यपत्र ।

परियार, तिलक । २०७० । दश वर्षे जनयुद्धमा दलितको बलिदान गाथा । *दलनविरुद्ध प्रतिरोध : नेपाली दलितहरूको संघर्ष गाथा* । राजेन्द्र महर्जन र यामबहादुर किसान, सं., पृ. ३१७–३२६ । ललितपुर : समता फाउण्डेशन ।

पासवान, भोला । २०७० । सिराहा-सप्तरीको सिनो बहिष्कार संघर्ष : मधेशी दलितको एकता र प्रतिरोध । *दलनविरुद्ध प्रतिरोध : नेपाली दलितहरूको संघर्ष गाथा* । राजेन्द्र महर्जन र यामबहादुर किसान, सं., पृ. २२३–२५८ । ललितपुर : समता फाउण्डेशन ।

बस्नेत, पूर्ण र सुभाष दर्नाल, सं., । २०६३ । *विशेषाधिकार र आरक्षणको राजनीति* । काठमाडौँ : जागरण मिडिया सेन्टर ।

भट्टचन, कृष्णबहादुर, तेज सुनार र यशोकान्ति भट्टचन (गौचन) । २०६५ । *नेपालमा जातीय भेदभाव* । काठमाडौँ : दलित गैरसरकारी संस्था महासंघ ।

महर्जन, राजेन्द्र र यामबहादुर किसान । २०७० । दलन र प्रतिरोधको इतिहास । *दलनविरुद्ध प्रतिरोध : नेपाली दलितहरूको संघर्ष गाथा* । राजेन्द्र महर्जन र यामबहादुर किसान, सं., पृ. १५–३३ । ललितपुर : समता फाउण्डेशन ।

महर्जन, वसन्त । २०७६ । छुवाछूतविरुद्ध बुद्ध । *नागरिक* (अक्षर), कात्तिक २३, पृ. ख ।

मुक्ति समाज । २०५२ । नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजको एकता राष्ट्रिय सम्मेलनको प्रतिवेदन (२०५१ फागुन १, २ र ३) । *समानता* २(२) : ६–१९ ।

रम्तेल, परशुराम र गणेश वि.के. । २०७५ । बादी अधिकार आन्दोलनकी प्रतीक । *दलित नेतृत्व : संघर्ष र सफलता* । राजेन्द्र महर्जन, सं., पृ. १९–२८ । काठमाडौँ : दलित महिला केन्द्र नेपाल ।

राष्ट्रिय दलित नेटवर्क । २०६९ । *नवौँ दलित संसद्‌को घोषणापत्र* । काठमाडौँ : राष्ट्रिय दलित नेटवर्क ।

वि.के., गणेश । मिति नखुलेको । मुक्त हलिया, कमैया र कमलरीहरूको वर्तमान अवस्था र समाधानका सुझावहरू । अप्रकाशित मस्यौदा ।

विश्वकर्मा, जेबी । २०७५ । दलितको भूमि अधिकारमाथि राजनीति । *नयाँ पत्रिका*, माघ १७, पृ. ६ ।

विश्वकर्मा, पद्मलाल । २०५७ । सिंहदरबार घेराउ तथा अनशन संघर्षको मूल्यांकन । *समानता* ७(१) : २१–२३ ।

विश्वकर्मा, पद्मलाल, यामबहादुर किसान, रविमान लम्जेल र गणेश वि.के. । २०६३ । *नेपाली दलित आन्दोलनको संक्षिप्त इतिहास* । काठमाडौँ : जनउत्थान प्रतिष्ठान ।

विश्वकर्मा, विमल र लुमासिंह विश्वकर्मा । २०६१ । *नेपालमा दलित समुदायका लागि आरक्षणको स्वरूप (अध्ययन प्रतिवेदन)* । कनकविक्रम थापा, भरतबहादुर कार्की र पूर्णमान शाक्य, सं. । काठमाडौँ : दलित गैरसरकारी संस्था महासंघ ।

श्री ५ को सरकार । २०४७ । *नेपाल अधिराज्यको संविधान,* २०४७ । काठमाडौँ : कानून किताब व्यवस्था समिति ।

समानता । २०५७ । राष्ट्रियस्तरका संघर्षहरू । ७(१) : १३–१६ ।

सुनार, रूपबहादुर । २०७६ । दलित मानवअधिकारको प्रश्न । *नयाँ पत्रिका,* माघ ७, पृ. ५ ।

Lamsal, Hem Bahadur. 2012. Role of Dalit Civil Society against Untouchability: Challenges and Prospects. *Nepal Journal of Social Science and Public Policy* 2(1): 75–84.